वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गत कार्यालयहरुको
आ.व. २०७९/०८० मा संचालन हुने कार्यक्रमहरुको

# कार्यक्रम कार्यान्वयन मापदण्ड, २०७९

**प्रदेश सरकार**
**वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय**
**गण्डकी प्रदेश, पोखरा**

## अ. मापदण्ड सम्बन्धी परिचय

गण्डकी प्रदेशको वन, वातावरण तथा भू–संरक्षण मन्त्रालय, निर्देशनालय, प्राधिकरण, केन्द्र र कार्यालयहरुबाट स्वीकृत बार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा विद्यमान ऐन, नियम, मार्गदर्शन र कार्यविधि अनुसार सञ्चालन गरी कार्यक्रमले राखेको उद्देश्य, आशातित उपलब्धी तथा प्रभाव प्राप्त गर्नु आजको आवश्यकता हो । एउटै कार्यक्रम र क्रियाकलाप विभिन्न निकायहरुले सम्पादन गर्दा मिल्दाजुल्दा क्रियाकलाप समान मापदण्ड अनुसार कार्यान्वयन होस् र कार्यान्वयन गर्ने निकाय/कार्यालय, संस्था र व्यक्तिलाई सहज र सरल होस् भन्ने उद्देश्यले विगतका अनुभवहरुलाई समेत मध्यनजर गरी यो मापदण्ड तयार गरिएको छ ।

## आ. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "उपभोक्ता" भन्नाले गण्डकी प्रदेशभित्र स्थायी बसोबास गर्ने प्राकृतिक स्रोत व्यवस्थापन समूहमा आवद्ध घरधुरीलाई सम्झनुपर्छ ।

ख) "उपभोक्ता समिति" भन्नाले स्थानीय वन समूह वा भू तथा जलाधार संरक्षणसंग सम्बन्धित उपभोक्ता समूहले गठन गरेको कार्यकारी समिति सम्झनुपर्छ ।

ग) "कार्यालय" भन्नाले डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु र वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय, गण्डकी प्रदेश अन्तर्गतका निकायहरु सम्झनुपर्छ ।

घ) "नर्सरी" भन्नाले विरुवा हुर्काउने तथा बढाउने स्थानलाई सम्झनुपर्छ ।

ङ) "निर्देशनालय" भन्नाले प्रदेश वन निर्देशनालयलाई सम्झनुपर्छ ।

च) "पर्यापर्यटन" भन्नाले वातावरण संरक्षण र स्थानीय समुदायको हितको प्रतिकूल नहुने गरी वन क्षेत्रमा गरिने प्रकृतिमा आधारित पर्यटन गतिविधि सम्झनुपर्छ ।

छ) "प्राविधिक" भन्नाले वन, वातावरण तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा कार्यरत विभिन्न सेवा समूहका प्राविधिक कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "वायो-इन्जिनियरिङ" भन्नाले जैविक तथा भौतिक संरचनासँगै राखी निर्माण गर्ने प्रविधि सम्झनुपर्छ ।

झ) "मन्त्रालय" वन वातावरण तथा भू संरक्षण मन्त्रालय सम्झनुपर्छ ।

ञ) "मुद्दा" भन्नाले वन र वन्यजन्तु सम्बन्धी कसुरमा सम्बन्धित अदालतमा पेश भएको अभियोजन पत्र सम्झनुपर्छ ।

ट) "हाईटेक नर्सरी" भन्नाले उच्च प्रविधि जडान भएको नर्सरी सम्झनुपर्छ ।

## इ. वन तथा वातावरणसँग सम्बन्धित क्रियाकलापहरु

वन तथा वातावरणसँग सम्बन्धित कार्यक्रमहरु डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन निर्देशनालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ताल संरक्षण तथा विकास प्राधिकरण तथा मन्त्रालयबाट संचालन हुने कार्यक्रम र क्रियाकलापहरु पर्दछन् । प्रदेशबाट स्वीकृत कार्यक्रमहरु प्रदेश बजेट कार्यक्रम किताब (रेड बुकमा) समावेश गरिएका छन् । स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत संचालन गरिने क्रियाकलापहरु यस मापदण्डमा बुँदागत रुपमा उल्लेख गरिएको छ । यस मापदण्ड अनुसार विभिन्न कार्यालय साथै उपभोक्ता समितिबाट संचालन हुने कार्यक्रमहरुमा कार्य सम्पन्न भएपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा अनिवार्य रुपमा सार्वजनिक लेखापरीक्षण (Public Audit) समेत गर्नु पर्नेछ ।

### १. विरुवा उत्पादन र वितरण (बहुउपयोगी, फलफूल, जडिवुटी र वहुवर्षिय)/ढुवानी समेत

#### क) एक वर्षे बहु उपयोगी विरुवा उत्पादन

समेट्नु पर्ने क्रियाकलापः

- ४" x ७" को पोलिव्यागमा विरुवा उत्पादन तर ३" x ७" को पोलिव्यागमा विरुवा उत्पादन गरेमा संघिय नर्म्स अनुसार हुनेछ ।
- स्थानीय माग बमोजिमका प्रजातिका बिउ/कटिङ खरिद
- विरुवाको उचाइ कम्तिमा १ फिट (ढिलो बढने प्रजाति वाहेक) हुनु पर्नेछ
- नर्सरी नाइकेको पारिश्रमिक (२० देखि ५० हजार विरुवाको लागि एक जना, वर्षमा कम्तिमा ८ महिनाको लागि स्वीकृत जिल्ला दर रेटमा नबढने गरी)

#### ख) ठूला तथा बहुवर्षीय विरुवा उत्पादन

समेट्नु पर्ने क्रियाकलापः

- ६"x८", १०"x१०", १४"x१४" को पोलिव्यागमा प्रजाती अनुसार विरुवा उत्पादन गर्ने
- भैरहेको नर्सरीबाट एक वर्षे विरुवा Transplant गर्ने । नर्सरीमा एक वर्षे विरुवा नभएमा खरिद गरी Transplant गर्ने
- विरुवाको उचाइ कम्तिमा २ फिट हुनु पर्ने (ढिलो बढ्ने प्रजाति बाहेक)
- नर्सरी नाइकेको पारिश्रमिक (१० हजार विरुवाको लागि एक जना, नर्सरी नाइके १२ महिनाको लागि, जिल्ला दर रेट अनुसार पारिश्रमिक दिने)

- आवश्यकता अनुसार डिभिजन वन कार्यालयबाट वृक्षारोपण स्थलसम्म बिरुवा ढुवानी समेत गर्नु पर्नेछ।

### २. कटिङ्ग विरुवाको उत्पादन

कार्यान्वयन प्रक्रिया :

- कटिङ्गबाट पलाउन सक्ने प्रजाती छनौट गर्ने ।
- उपरोक्त विधि अनुसार उत्पादन गरिएका विरुवाहरु वहुवर्षीय विरुवाको लागि प्राविधिक रेखदेख डिभिजन वन कार्यालयमा कार्यरत कर्मचारी मार्फत गरिनेछ ।
- रोपण गर्ने समयमा कम्तिमा १ फिट अग्लो साथै मोटाई बुढि औंला साईजको हुनुपर्नेछ ।

## ३. पुराना विरुवाको संरक्षण

- विगत आर्थिक वर्षहरुमा उत्पादन भई वितरण हुन बाँकी रहेका विरुवा मध्ये नर्सरी वेडमा ग्रेडिङ गर्ने ।
- विरुवाहरुको गोडमेल तथा प्रजाति बमोजिम आवश्यकता अनुसार Root shoot cutting गर्ने ।
- विरुवाको संभार गर्ने जनशक्तिका लागि पारिश्रमिक दिने ।

## ४. बाँस/अमृसो/बेतबाँसको क्लम/राइजोम तयारी/ उत्पादन/रोपण

समेट्नु पर्ने क्रियाकलापः

- नर्सरीमा लेयरिङ्ग विधिबाट क्लम उत्पादन गर्न बेड तयारी
- एक वर्ष पुरानो बाँसको घना खरिद र ढुवानी ।
- सिँचाइको लागि पाइप तथा ट्याङ्की खरिद ।
- १० हजार क्लम्प सम्मको लागि एकजना नर्सरी नाइके (माघबाट असारसम्म ६ महिना पहिलो वर्ष, १२ महिना दोस्रो वर्ष जिल्ला दररेटमा नबढने गरी पारिश्रमिक) ।
- कार्यालयबाट वृक्षारोपण गर्ने भए क्लम्प/राइजोम नर्सरीबाट वृक्षारोपण स्थलसम्म ढुवानी र वृक्षारोपण ।
- उपभोक्ताबाट वृक्षारोपण गर्ने भए ढुवानी र वृक्षारोपण अनुदान ।

## ५. हाइटेक वन नर्सरी स्थापना, स्तरोन्नति र संचालन

समेट्नु पर्ने क्रियाकलापः

- हाइटेक नर्सरी स्थापना ।
- Shade house तथा बेड निर्माण ।
- बेड थप्ने, ग्रिनहाउस निर्माण गर्ने, तापक्रम रेगुलेट गर्ने प्रणाली जडान गर्ने ।
- भइरहेको नर्सरीमा आधारभूत प्रविधि थप गरी स्तरोन्नती गर्ने ।
- कर्मचारीलाई संचालनको लागि प्रशिक्षण दिने ।
- विरुवा उत्पादन कार्य गर्ने ।
- हाइटेक नर्सरीको न्यूनतम साइज १२ फिट गुणा २० फिटको हुनु पर्नेछ ।
  (स्थान विशेषको अवस्थालाई बिचार गरी लम्बाई चौडाइमा प्राविधिक स्पेशिफिकेसन अनुसार थपघट गर्न सकिनेछ)
- स्थायी नर्सरी वेड तयारी तथा घेराबारा, सामान्य वातावरण अनुकूलीत सुविधासहितको ग्रिनहाउस, भण्डारण कोठा, पानीको स्थायी व्यवस्थाका लागि टंकी लगायत आधुनिक वन नर्सरीमा हुनुपर्ने न्यूनतम सुविधाहरु समावेश गरी निर्माण गर्नुपर्नेछ ।

## ६. जडीबुटी बिरुवा उत्पादन, खरिद तथा वितरण

समेट्नु पर्ने क्रियाकलापः

- माग सर्भेक्षण, सूची तयारी, नर्सरीमा बिरुवा उत्पादन वा खरिद, ढुवानी, वितरण, बृक्षारोपण, स्याहार सम्भार ।

- बिरुवा खरिद गर्दा स्वीकृत जिल्ला दररेट र प्रचलित बजार भाउलाई समेत मूल्याङ्कन गरी प्रतिस्पर्धात्मक रेटमा खरिद गर्न सकिने ।
- बृक्षारोपण तथा स्याहार सम्भारका लागि उपलब्ध बजेट र स्वीकृत नर्म्सको आधारमा खर्च गर्न सकिनेछ ।

## ७. फलफूल विरुवा उत्पादन/वितरण/खरिद वितरण

समेट्नु पर्ने क्रियाकलापः

- वनजन्य फलफूल विरुवा उत्पादन र अन्य फलफूल विरुवा खरिद, ढुवानी, वितरण तथा वृक्षारोपण ।
- नर्सरीमा उत्पादित विरुवा वा खरिद गरिने विरुवा स्थानीय जलवायु सुहाँउदो हिउँदे र वर्षे दुवै हुन सक्नेछ ।
- स्वीकृत लागत अनुमान अनुसार विरुवा खरिद र ढुवानी गरी बजेट व्यवस्था हुन सकेमा वृक्षारोपण कार्यमा समेत खर्च गर्न सकिनेछ ।
- वृक्षारोपण कार्यका लागि प्रचलित नर्म्स अनुसार कार्य संचालन गर्नुपर्नेछ ।
- विरुवा खरिद गर्दा ५ लाखसम्म वजेट भएमा सूचिकृत नर्सरी वा कृषकबाट सार्वजनिक खरिद ऐन अनुसार सोझै खरिद गर्ने र सो भन्दा वढी रकमको हकमा सार्वजनिक खरिद ऐन, नियम अनुसार प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेछ ।

## ८. साझेदारी वनको कार्य योजना परिमार्जन संशोधन तथा कार्यान्वयन

समेट्नु पर्ने क्रियाकलापः

- स्वीकृत वन कार्य योजना अन्तर्गतका वन व्यवस्थापन क्रियाकलापहरु, खहरे व्यवस्थापन, पोखरी तथा पानी मुहान संरक्षण आदि), वन व्यवस्थापन तथा संरक्षणका लागि गस्ती परिचालन साधन/उपकरण खरिद र अनुगमन (इन्धन र सवारी मर्मत) र सझेदारी वनको कार्य योजना संशोधन लगायतका कार्यहरु ।
- यस कार्यक्रम संचालन गर्दा साझेदारी वनसंग सम्वन्धित ऐन, नियम, कार्यविधि/निर्देशिका, परिपत्र र स्वीकृत वन कार्ययोजना तथा प्रचलित नर्म्स बमोजिम गर्नुपर्नेछ । यस कार्यक्रमको लागि आवश्यक पर्ने मानवीय स्रोत, प्राविधिक सहयोग डिभिजन वन कार्यालयमा कार्यरत जनशक्तिबाट उपलब्ध गराउनु पर्नेछ । कार्यालयमा जनशक्ति नपुग भइ परामर्श सेवा लिनु पर्ने भएमा प्रचलित सार्वजनिक खरिद ऐन अनुसार परामर्श सेवा लिन सकिनेछ ।

## ९. चक्ला वन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन

समेट्नु पर्ने क्रियाकलापः

- रुखको लगत संकलन, माउ रुख पहिचान, रुख छपान र मूल्याङ्कन, कटान मुछान, ढुवानी, गस्ती परिचालन, हेरालु व्यवस्थापन, डढेलो तथा आगलागी नियन्त्रण, अग्निरेखा सरसफाई, गत बर्ष कटान भएका प्लटहरुमा सरसफाई (गोडमेल, झारपात हटाउने तथा घाँस काट्ने), पुनरुत्पादन अभिबृद्धि, सव-कम्पार्टमेन्ट छुट्टयाउने कार्य, अग्निरेखा मर्मत सम्भार लगायत वन संवर्द्धनका कार्यहरु, घाटगद्दी

सुदृढीकरण तथा विस्तार, खहरे तथा पानी निकास व्यवस्थापन, प्रचार प्रसार, चाक्लामा रहेको शसत्र वन रक्षक क्याम्प मर्मत सुधार आदि ।

- उपकरण औजार (वन व्यवस्थापन, सफ्टवेयर र गस्तीका लागि साधन) खरिद, तालिम, फिल्ड गियर, अनुगमन (ईन्धन), सवारी साधन मर्मत, प्राविधिक तथा परामर्श सेवा खरिद लगायतका कार्यहरु ।
- सरकारद्वारा व्यवस्थित चक्ला वनमा स्वीकृत कार्ययोजना, कार्यविधि,मापदण्ड तथा प्रचलित नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- कार्यक्रम कार्यान्वयनका लागि सहायक वन अधिकृतको नेतृन्त्वमा कार्यान्वयन टोली गठन गरी उक्त टोलीले स्वीकृत वन व्यवस्थापन कार्ययोजना अन्तर्गतका क्रियाकलापहरु कार्यान्वयनका लागि लागत अनुमान तयार गरी डिभिजनल वन अधिकृत समक्ष पेश गर्नेछ र डिभिजनल वन अधिकृतले स्थलगत निरीक्षण समेत गरी प्रचलित ऐन, नियमहरु (सार्वजनिक खरिद र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व) अनुसार स्वीकृत गर्नु गराउनु पर्नेछ ।
- उल्लेखित कार्यक्रम संचालन डिभिजन वन कार्यलयमा कार्यरत जनशक्ति परिचालन तथा प्रचलित सार्वजनिक खरिद ऐन नियम अनुसार परामर्श सेवा मार्फत गर्न गराउनु पर्नेछ ।
- वन ऐन, २०७६ र वन नियमावली, २०७९ बमोजिमका कार्यहरु गर्ने गराउने ।

## १०. सामुदायिक वनमा दिगो वन व्यवस्थापन वन (संवर्द्धन प्रणालीमा आधारित)

समेट्नु पर्ने क्रियाकलापः

- वन क्षेत्र छनौट, अभिमुखीकरण, सरोकारवालाहरुसँग अन्तरक्रिया, समूहको निर्णय, अनुगमन, कार्ययोजना तयारी र स्वीकृती ।
- दिगो वन व्यवस्थापन सम्वन्धी वन ऐन, नियमावली र कार्यविधि अनुसार जिल्लामा कार्यरत वा कम्तिमा वन विज्ञानमा स्नातक गरेका वन प्राविधिकको टोलीले स्थलगत निरीक्षण गरी उपयुक्त क्षेत्रफल भएका सामुदायिक वन छनौट गर्ने ।
- समूह भेलाबाट निर्णय गरी वन कार्यालयमा माग पेश गर्ने ।
- समूह कोषको उपलब्धताको आधारमा डिभिजन वन कार्यालय र सम्बन्धित समूहको सहलगानीमा कार्ययोजना तयार गर्ने व्यवस्था गर्ने ।
- समूहले वन कार्यालयका वन प्राविधिक वाहेकका सेवा प्रदायकवाट सेवा लिनुपर्ने भएमा सार्वजनिक खरिद ऐन र नियमावली अनुसार परामर्शदाता लिने व्यवस्था गरी सव–डिभिजन वन कार्यालयका अधिकृतको रोहवरमा कार्य सम्पन्न गर्ने सम्झौता गर्ने ।
- वन प्रविधिक वा सेवा प्रदायकवाट दिगो वन व्यवस्थापन सम्वन्धी वन ऐन,नियमावली र कार्य विधि अनुसार कार्ययोजना तयार गरी डिभिजन वन कार्यालयबाट प्राविधिक चेक गराएपछि समूहमा पेश गर्ने।
- मस्यौदा कार्ययोजना सम्बन्धित स्थानीय पालिका लगायत सरोकारवालासँग अन्तरक्रिया गर्ने, राय सुझाव लिने ।
- समूह भेलाको निर्णय सहित कार्ययोजना स्वीकृतिको लागि डिभिजन वन कार्यालयमा पेश गर्ने।
- प्राविधिक सहजीकरणका साथै अनुगमनका लागि कूल वजेटको दश प्रतिशतमा नबढ्ने गरी खर्च गर्ने व्यवस्था गर्न सकिनेछ ।

## ११. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन

समेट्नुपर्ने क्रियाकलापः

- वन डढेलो रोकथाम तथा नियन्त्रण कार्ययोजना तयार, समूह संजाल गठन र परिचालन, प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण, Fire Fighting Team परिचालन, वन डढेलो नियन्त्रण सामाग्री खरिद तथा वितरण, वन डढेलो नियन्त्रण तथा जैविक विविधता संरक्षणका लागि पानी संकलन पोखरी निर्माण ।
- सामुदायिक वनहरुमा समूह परिचालन गरी अग्निरेखा निर्माण तथा सुधार र डढेलो नियन्त्रण कार्य ।
- डढेलो लाग्ने महिना अगावै प्रचारप्रसारका सामाग्री तयार गर्ने, जनचेतना अभिवृद्धि, संचारका माध्यमबाट प्रकाशन र प्रसारण गर्ने ।
- डढेलो नियन्त्रण समूह संजालहरु गठन गरी वा अग्नि समन टोली (Fire Fighting Team) बाट डढेलो नियन्त्रणका कार्यहरु गर्ने ।
- आकष्मिक डढेलो लागेको सूचना प्राप्त भएमा कर्मचारी र सुरक्षाकर्मी घटनास्थलमा गई नियन्त्रण गर्न जाँदा खाजा, खाना, पानी, इन्धन लगायतका शिर्षकहरुमा यसबाट खर्च गर्न सकिनेछ।

## १२. सरोकारवालासँग समन्वय गोष्ठी/बैठक/तालिम/ (प्रदेशस्तर, पञ्चासे, वातावरण संरक्षण तथा प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन तथा सरसफाई, जलावायु परिवर्तन, ओखेटोपहार पहिचान तथा व्यवस्थापन, कवुलियती वन सम्बन्धी)

समेट्नु पर्ने क्रियाकलापः गोष्ठी संचालन

- प्रदेश स्तरीय योजना तर्जुमा गोष्ठीमा डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, केन्द्र र प्राधिकरणका प्रमुखहरु एवं कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरु, वन,वातावरण तथा भू-संरक्षण मन्त्रालयका पदाधिकारीहरु एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा संचालन गर्न सकिनेछ । आवश्यक वन तथा वातावरणसँग सम्बन्धित अन्य कार्यक्रम र सरोकारवालाहरुको समेत सहभागिता गराउन सकिने छ ।
- प्रदेशस्तरीय समन्वय गोष्ठीमा प्रदेश तहमा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी निकायसँग वन वातावरण र जैविक विविधता संरक्षण र व्यवस्थापनका लागि समन्वय गोष्ठी/बैठक सम्पन्न गर्नु पर्नेछ ।
- पञ्चासे वन संरक्षण क्षेत्रको संरक्षण र व्यवस्थापनका लागि गठित पञ्चासे वन संरक्षण क्षेत्रका वन समूहहरु सहित प्रस्तावित मूल परिषद र इकाई परिषद्को बैठक बस्नु पर्नेछ ।
- जिल्लास्तरीय योजना तर्जुमा गोष्ठी भएमा जिल्ला भित्र रहेका सव-डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता संघ/महासंघ तथा सम्बन्धित विषयगत सरोकारवालाहरु समेतको सहभागितामा गराउनु पर्नेछ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीले नियमानुसार पाउने दैनिक तथा भ्रमण भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र लागत ईष्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## १३. प्रगति समिक्षा गोष्ठी

समेट्नु पर्ने क्रियाकलापः गोष्ठी संचालन ।

- प्रदेशस्तरीय चौमासिक र वार्षिक प्रगति समिक्षा गोष्ठीमा डिभिजन वन कार्यालयहरु, भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, ताल संरक्षण तथा विकास प्राधिकरणका प्रमुखहरु एवं कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता गराउनु पर्नेछ ।
- जिल्लास्थित कार्यालयहरुमा प्रगति समीक्षा गोष्ठीको कार्यक्रम भएमा जिल्ला भित्र रहेका सव-डिभिजन वन कार्यालयहरु, वन उपभोक्ता संघ/महासंघ तथा सम्बन्धित सरोकारवालाहरु समेतको सहभागितामा प्रगति समिक्षा गोष्ठी गर्नुपर्नेछ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीले नियमानुसार पाउने भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको आधारमा लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## १४. प्रचार प्रसार सामग्री उत्पादन तथा वितरण/वन डढेलो सम्बन्धी प्रचार प्रसार (सामग्री प्रकाशन, रेडियो टिभिमा विज्ञापन)/ वन्यजन्तु सम्बन्धी प्रचार प्रसार/ जलाधार व्यवस्थापन कार्यक्रम सम्वन्धी प्रचार प्रसार

समेट्नु पर्ने क्रियाकलापः

- प्रचार प्रसारका लागि होर्डिङ बोर्ड निर्माण, लिफ्लेट ब्रोसर तयारी, स्टिकर, पम्प्लेट, टिसर्ट, ह्याट, अनुकरणीय सफलताका कथा पुस्तिका तयारी, प्रकाशन तथा वितरण, भित्ते लेखन, विद्यालय शिक्षण, संरक्षणसँग सम्बन्धित छोटो भिडियो, वृतचित्र, रेडियो तथा पत्रपत्रिकाबाट सूचना तथा सन्देशमूलक सामाग्री उत्पादन, प्रसारण तथा वितरण लगायतका कार्यहरु संचालन गर्नु पर्नेछ ।
- कार्यालयबाट विषयगत सूचना तथा सन्देश तयार गरी (आवश्यक परे वृतचित्र समेत) सो को उत्पादन, प्रकाशन, सार्वजनिकीकरण, प्रसारण तथा वितरण गर्ने व्यवस्था गर्ने ।
- प्रकाशन प्रसारण सम्बन्धी प्रचार प्रसार गर्न मिडियासँग सम्झौता गर्ने ।
- कार्यक्रम सम्पन्न भएपछि प्रचार प्रसार सम्बन्धी नमुना सामाग्री प्रमाणको रुपमा लिनुपर्ने छ ।
- लिफ्लेट, ब्रोसर र पुस्तिकाहरु तयारी, छपाई र वितरण गर्न सकिनेछ ।
- वन्यजन्तु संरक्षणको लागि बाटोको दायाँ बायाँ, सेवाग्राहीहरुको बढी आवतजावत हुने ठाउँ, कार्यालयको कम्पाउण्ड भित्र र भित्ताको बाहिरी भाग आदिमा वन, वन्यजन्तु तथा चराचुरुङ्गी र पारस्थितिकीय प्रणालीको बारेमा सचेतनामूलक सन्देश, नारा, आर्ट आदिको भित्ते लेखन र पेन्टिङ गर्ने कार्य समेत गर्न सकिनेछ ।

## १५. उजुरी छानविन (अ.दु.अ.आ.बाट प्राप्त समेत)

समेट्नु पर्ने क्रियाकलापः

- उजुरी तथा गुनासो प्राप्त गर्ने, उजुरी छानविन तथा अनुसन्धानको लागि कर्मचारी तोक्ने वा टोली गठन गरी खटाउने, प्रतिवेदन प्राप्त गर्ने तथा सम्बन्धित निकायमा तोकिएको समयावधि भित्र प्रतिवेदन पठाइ कार्यालयमा समेत अभिलेख दुरुस्त राख्ने व्यवस्था गर्ने ।
- उजुरी तथा गुनासो छानविन गरी प्रतिवेदन पेश गर्ने तथा प्राप्त प्रतिवेदनहरुको व्यवस्थापन गर्ने, अभिलेख व्यवस्थित गरि राख्ने ।

## १६. प्रदेशस्तरीय संगठन संरचनाको पूर्वाधार निर्माण तथा संस्थागत सुधार कार्यक्रमः (डिभिजन तथा सव-डिभिजन वन कार्यालयको भवन सुधार, मर्मत तथा स्तोरन्नती भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुको भवन मर्मत सुधार तथा स्तरोन्नती समेत)

समेट्नु पर्ने क्रियाकलापः

- सामान्य मर्मतका कार्यहरुका लागिः डिजाइन, नक्सा तथा लागत अनुमान तयारी, टेण्डर आव्हान, मूल्याङ्कन तथा सम्झौता, कार्यादेश, निर्माण कार्यको नियमित रेखदेख अनुगमन, कार्य सम्पन्न पश्चातको नाँपजाँच, नापी किताव तथा नक्सा तयारी, भुक्तानी बिल र कार्य सम्पन्न प्रतिवेदन तयारी, जाँचपास गरी अन्तिम भुक्तानी दिने फरफारक गर्ने ।
- बजेटको सिमा भित्र रही विषयगत प्राविधिक कर्मचारीबाट Design तथा Estimate गराइ स्वीकृत Design तथा Estimate का आधारमा सार्वजनिक खरिद ऐन नियम बमोजिम कार्यक्रम सम्पन्न गराउनु पर्नेछ ।
- कार्यालयको लागि पर्दा, कार्पेट लगायत फर्निसिङ सहितको कार्य समेत लागत अनुमान भित्र समावेश गरी स्वीकृत गराइ गर्न सकिनेछ ।
- यस कार्यक्रम कार्यान्वयनका लागि डिभिजन तथा सव-डिभिजन वन कार्यालयको पूर्वाधार निर्माण तथा मर्मत सम्बन्धी डिजाइन तथा लागत इष्टिमेट तयारी कार्य सम्वन्धित विषयगत प्राविधिकबाट गराउनु पर्नेछ ।

## १७. सामुदायिक वन उपभोक्ता समूह गठन, दर्ता, कार्ययोजना तयारी तथा वन हस्तान्तरण प्रक्रियामा सहजीकरण

समेट्नु पर्ने क्रियाकलापः

- बैठक, भेला, वन सर्भेक्षण, विधान तथा कार्ययोजना तयारी, हस्तान्तरण ।
- यो कार्यक्रम प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।
- विधान तथा कार्ययोजना तयारी कार्यको सहजीकरण सव-डिभिजन वन कार्यालयका कर्मचारीबाट र सिफारिस गर्ने काम कम्तीमा फरेष्टर तहका वन प्राबिधिकबाट हुनुपर्नेछ । यसका लागि सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन अनुसार वन स्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा Premanent Sample Plot Layout (GPS Point समेत राखी) गरी Sample Plot को केन्द्रको GPS Point देखिने नक्सा तथा फिल्ड बुक र सामुदायिक वनको बिस्तृत नक्शा समेत पेश गर्नुपर्नेछ ।
- दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजनाहरु समावेश गर्नुपर्नेछ ।
- यसमा उपलब्ध बजेटबाट वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल/समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार र बिधान तथा कार्ययोजना तयारीको लागि टाईपिङ, प्रिन्टिङ र बाईन्डिङमा लागत अनुमान तयार गरी स्वीकृत गराइ खर्च गर्न सकिनेछ ।

## १८. सामुदायिक वन उपभोक्ता समूहको कार्ययोजना नविकरण सहयोग (गरिब, महिला र दलित लक्षित जलवायु परिवर्तन अनुकूलन योजना)

समेट्नु पर्ने क्रियाकलापः

- बैठक, भेला, वन सर्भेक्षण, कार्ययोजना तयारी र स्वीकृती ।
- प्रचलित वन ऐन तथा वन नियमावली तथा सामुदायिक वन विकास कार्यक्रमको मागदर्शन, २०७१ ले निर्धारण गरेको आवश्यक प्रक्रियाहरु पुरा गरेर सम्पन्न गर्नुपर्नेछ ।
- कार्ययोजनाको अवधि समाप्त भएका र कार्ययोजना पुनरावलोकन र संशोधनको लागि समूहबाट माग भई आएका सामुदायिक वनको कार्ययोजना पुनरावलोकन गर्ने कार्यमा सरकारको तर्फबाट व्यहोर्नु पर्ने खर्चको लागि यो शिर्षकको रकम खर्च गर्नुपर्नेछ ।
- समूहको कोषमा रकम नभएका समूहहरुलाई प्राथमिकता दिनुपर्नेछ ।
- यो कार्यक्रम डिभिजन वन कार्यालयका कर्मचारी र सेवा प्रदायकबाट समेत संचालन गर्न सकिनेछ ।
- कार्ययोजना पुनरावलोकन गर्दा सामुदायिक वन स्रोत सर्भेक्षण मार्गदर्शन अनुसार वन स्रोत सर्भेक्षण गर्ने तथा GPS बाट सीमा सर्भेक्षण तथा स्थाई प्लट राखी सो समेत खुल्ने गरी सामुदायिक वनको बिस्तृत नक्शा तथा फिल्ड बुक समेत पेश गर्नुपर्नेछ ।
- दलित, महिला, गरिब लक्षित समुदायको लागि आयआर्जन कार्यक्रम तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी योजनाहरु समावेश गर्नुपर्नेछ ।
- यस शिर्षकको बजेट रकम वन स्रोत सर्भेक्षण, नक्शा तयारी, टोल तथा समुदाय छलफल गोष्ठी, खाजा खर्च, भ्रमण खर्च, ईन्धन, संचार, टाइपिङ्ग, प्रिन्टिङ्ग र बाईन्डिङ्गमा खर्च गर्न सकिनेछ ।

## १९. सामुदायिक वन व्यवस्थापन/लेखा व्यवस्थापन/संस्थागत सुदृढीकरण स्थलगत अभ्यास तथा तालिम

समेट्नु पर्ने क्रियाकलापः

- वन संवर्द्धनका क्रियाकलापहरु (झाडी सफाई, थिनिङ, एक्ल्याउने, प्रुनीङ, इम्प्रुभमेन्ट फेलिङ, वृक्षारोपण, गोडमेल, विउ संकलन)

कार्यान्वयन प्रक्रिया :

- सव-डिभिजन वन कार्यालयबाट बिषयबस्तु सहितको प्रशिक्षण योजना बनाई स्थलगत रुपमा प्रशिक्षण गर्ने ।
- यस क्रियाकलापबाट खाजा, स्टेशनरी र सहजीकरण गर्ने कर्मचारीलाई प्रशिक्षण भत्तामा खर्च गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न भएपछि प्रशिक्षण अनुसार कार्यान्वयन गर्न समूहको योजना बनाउन लगाउने र अभिलेख राख्ने ।
- यस शिर्षकको बजेटबाट स्थलगत अभ्यास गरेका समूहहरुका लागि वन सम्बर्द्धन कार्य सम्बन्धी आवश्यक औजार खरिद गरी वितरण गर्न सकिनेछ ।

## २०. सामुदायिक वनमा पानी पोखरी निर्माण /एक सामुदायिक वन एक संरक्षण पोखरी कार्यक्रम

समेट्नु पर्ने क्रियाकलापः

- पोखरी निर्माण तथा सुधार, मुहानबाट पोखरीसम्म पानी ल्याउन पाइप तथा Water Channel को व्यवस्था, वर्षादको पानी संकलन र भल व्यवस्थापन कार्य ।

- परम्परागत साना पोखरी भएका क्षेत्र तथा सम्भव भए सम्म रुखविरुवा नभएको सामुदायिक वनको खाली क्षेत्रलाई प्राथमिकता दिनु पर्नेछ ।
- निर्माण क्षेत्रको नक्साङ्कन, लगत ईष्टिमेट तयार तथा स्वीकृत गरी उपभोक्ता समूहको योगदानलाई समेत सुनिश्चित गरी पानी पोखरी निर्माण तथा सुधार कार्य गर्ने साथै मुहानबाट पोखरीमा पानी ल्याउन पाइप तथा Water Channel को निर्माण तथा मर्मतमा समेत खर्च गर्न सकिनेछ ।
- सामुदायिक वनमा सह-लगानीमा यो कार्यक्रम संचाल गर्न सकिने छ ।
- भइरहेका पोखरीको मर्मत संभार कार्यका लागि पनि आवश्यकता र औचित्यताको आधारमा यस शिर्षक अन्तर्गतको रकम खर्च गर्न सकिनेछ ।

## २१. वृक्षारोपण सहयोग/वृक्षारोपण क्षेत्रमा पर्खाल निर्माण बार बन्देज

समेट्नुपर्ने क्रियाकलापः

- वन क्षेत्रमा खाली जग्गा भएका समूहबाट वृक्षारोपणका लागि माग गरेको निवेदन लिने ।
- विरुवा ढुवानी, वृक्षारोपण, संरक्षण (हेरालु), घेराबारा, ढुंगाको पर्खाल निर्माण, जैविक बार लगाउने, होर्डिङ्ग बोर्ड राख्ने ।
- सव-डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालयबाट सर्भे नक्सा तयार गरी क्षेत्रफल अनुसार लागत अनुमान तयार गर्ने ।
- विभागीय नर्म्स अनुसार बृक्षारोपण कार्य सम्पन्न गर्दा सम्बन्धित समूहलाई प्रति हेक्टर उपलब्ध हुन सक्ने रकम उपलब्ध गराउने गरी सम्झौता गर्ने ।
- वृक्षारोपण क्षेत्रलाई तारबार, जैविक बारबाट संरक्षण गर्नु पर्ने भएमा स्वीकृत जिल्ला दररेट तथा नर्म्स अनुसार लागत अनुमान तयार गर्ने र उपभोक्ता समूहसँग सम्झौता गरी कार्यसम्पन्न गर्नुपर्नेछ ।
- मनाङ र मुस्ताङ जिल्लामा वृक्षारोपण गर्दा ठूला कटिङ्ग विरुवा लगाउनु पर्ने हुँदा उक्त स्थानहरुमा मेस जाली वा ढुंगाको पर्खाल लगाई संरक्षण गर्न सकिनेछ । मेस जाली वा ढुंगाको पर्खाल निर्माण गर्दा नर्म्स र स्वीकृत जिल्ला दररेट अनुसार गर्नुपर्नेछ ।
- जैविक बार लगाउनु परेमा स्थानीयरुपमा उपलब्ध हुनसक्ने जैविक सामग्रीहरु जस्तैः सजिवन, निलकाँडा, बाँस जस्ता सजिलै सर्ने खालका वनस्पतीको प्रयोग गर्नुपर्दछ ।
- सामुदायिक र कवुलियती वन बाहेकका वन क्षेत्रहरुमा उपभोक्ता समूह गठन गरी वृक्षारोपण व्यवस्थापन कार्ययोजना बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराउनुपर्नेछ ।

## २२. लोपोन्मुख प्रजातिको संरक्षण अध्ययन अनुसन्धान समेत

समेट्नु पर्ने क्रियाकलापः पहिचान, अध्ययन, अनुसन्धान र संरक्षण (In-situ and Ex-situ conservation) तथा व्यवस्थापन ।

- वन क्षेत्रका प्रमुख लोपोन्मुख प्रजातिहरु छनौट गरी सो पकेट क्षेत्र नक्सांकन गर्ने, लोपोन्मुख प्रजातिका वन्यजन्तुहरु संरक्षणको लागि अध्ययन अनुसन्धान गर्ने र संरक्षणका लागि आवश्यक कार्यहरु सम्बन्धित कार्यालयबाट जनशक्ति परिचालन गरी सम्पन्न गर्नुपर्नेछ । कार्यालयको जनशक्तिबाट सम्पादन गर्न संभव नभएमा अध्ययन अनुसन्धान सम्बन्धी कार्य प्रचलित कानूनको अधिनमा रही परामर्शदाताबाट गराउन सकिनेछ ।

- अध्ययन कार्य प्रचलित नर्म्स र जिल्ला दररेट तथा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई संचालन गर्नुपर्दछ ।
- प्रजातिहरुको संरक्षणका लागि समुदायस्तरमा भएका सामुदायिक वन उपभोक्ता समूह, संरक्षित वन परिषद भएका क्षेत्रहरुमा भए सोही समूहहरु मार्फत संरक्षण र व्यवस्थापनका कार्यहरु गर्नुपर्नेछ । स्वीकृत लागत अनुमान अनुसार सम्बन्धित समूहहरुसँग सम्झौता गरी यस शिर्षकमा विनियोजित रकमबाट संरक्षणको कार्य सम्पादनको आधारमा समूहलाई भुक्तानी दिन समेत सकिनेछ ।
- संरक्षण एवं व्यवस्थापन कार्य गर्दा स्व–स्थानीय संरक्षण (In-situ Conservation) लाई प्राथमिकता दिनुपर्नेछ ।

## २३. आवधिक योजना सहितको रणनीतिक योजना तयारी IEE सहित

समेट्नु पर्ने क्रियाकलापः

- व्यवस्थापन योजना तयार गर्न डिभिजन वन कार्यालयले कार्यसूची (TOR) वनाई स्वीकृत गराउने,
- सूचना प्रकाशन, सरोकारवालासँग छलफल, अन्तरकृया, स्रोत सर्वेक्षण, अति आवश्यक फिल्ड सामग्री खरिद, स्टेशनरी, नक्सा फोटो खरिद, टाइपिङ प्रिन्टिङ, IEE तयारीका कार्य, IEE तथा कार्ययोजना सम्बन्धी निर्देशनालय र मन्त्रालयमा हुने समिक्षा तथा प्रस्तुतीकरण लगायतका कार्यहरु गर्ने ।
- डिभिजन वन कार्यालयबाट तयार भएको कार्ययोजना र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतीको लागि टिप्पणी साथ वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । मस्यौदा प्रति अध्ययन गरी थप संशोधन गर्नुपर्ने विषय समावेश गर्न निर्देशनालय/मन्त्रालयको प्राविधिक समितिको वैठकले जानकारी गराउनेछ । प्रस्तुतिकरणमा प्राप्त उपयुक्त राय सुझावहरुलाई समावेश गरी अन्तिम मस्यौदा कार्ययोजना स्वीकृतिको लागि निर्देशनालय मार्फत मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ । यो कार्यक्रम डिभिजन तथा सव-डिभिजन वन कार्यालयका कर्मचारी वा सेवाप्रदायकबाट सम्पादन गर्न सकिनेछ ।
- प्रचलित वन र वातावरण सम्बन्धी ऐन र नियमावलीमा उल्लेख भएका आधारहरु एवं तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## २४. एक कलष्टर एक उत्पादनः अम्रिसो, भुँईकटहर, अलैची, बाँस तथा अन्य गैह्र काष्ठ वन पैदावार

समेट्नु पर्ने क्रियाकलापः

- फलफूल तथा गैरकाष्ठ वन पैदावार रोपण, संरक्षण तथा जीविकोपार्जन सुधार योजनाले औल्याएका क्रियाकलापहरु ।
- डिभिजन तथा सव–डिभिजन वन कार्यालयका कर्मचारीहरुको प्राविधिक सहयोग लिएर कवुलियती वन उपभोक्ता समूहले यो कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- पहिले नै स्थापित भएका क्लष्टरहरु र एक आपसमा जोडिएका, पायक पर्ने (सामान्यतया दशसम्म) कबुलियती वन समूहहरुलाई एक क्लष्टर मानी एकै किसिमका पैदावार उत्पादन हुने गरी आयमूलक कार्यक्रम अन्तर्गत आवश्यक विरुवा उत्पादन र खरिद गरी रोपण तथा संरक्षण गर्न अनुदान प्रदान गरिनेछ ।
- यस कार्यक्रममा विनियोजित बजेट क्लष्टरमा बढी भन्दा बढी क्षेत्र ढाक्ने गरी र उपभोक्ताहरुको आय आर्जनमा टेवा पुग्ने कार्यक्रममा खर्च गर्नुपर्नेछ ।

## २५. वन अपराध नियन्त्रण/सहभागितामूलक अतिक्रमण, चोरी कटानी तथा चोरी शिकारी नियन्त्रण, अतिक्रमण तथा चोरी शिकारी नियन्त्रणका लागि गस्ती परिचालन

समेट्नु पर्ने क्रियाकलापः

- वन गस्ती, वन अतिक्रमण, चोरी शिकारी तथा चोरी कटानी नियन्त्रण, वन अपराधी पक्राउ र अभियोजन, सरोकारवाला वीच समन्वय बैठक, सुराकी परिचालन र सुरक्षाकर्मी परिचालन, गाडी मर्मत तथा ईन्धन मा खर्च गर्न सकिने छ ।
- वन तथा वन्यजन्तुसँग सम्बन्धित अपराधहरु नियन्त्रण तथा न्यूनीकरण गर्नका लागि प्रचार प्रसार, गस्ती परिचालन, सुराकी परिचालन गर्न सकिनेछ ।
- वन अपराध नियन्त्रणको लागि आवश्यक सुरक्षा सामाग्रीहरु, इन्धन/गाडी भाडा, खाना, खाजा, सुरक्षा निकायसँग समन्वय, मसलन्द खर्च लगायतका शिर्षकहरुमा खर्च गर्न सकिनेछ तर दैनिक भ्रमण भत्ताका लागि खर्च गर्न पाइने छैन ।
- अपराध अनुसन्धान तथा मुद्दा दायरी, अनुसन्धानको कार्यअघि बढाउने क्रममा आवश्यक सूचना सङ्कलन तथा संचारमा लाग्ने खर्चका साथै साक्षीहरुको सवारी भाडामा समेत खर्च गर्न सकिनेछ ।
- डिभिजन वन कार्यालयहरु मार्फत स्थानीय प्रशासन, प्रहरीको सहयोगमा वन अपराध तथा अतिक्रमण नियन्त्रण गरिनुका साथै सो सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्नुपर्नेछ ।
- पक्राउ पर्ने मालवस्तु र सवारी साधन तथा वन पैदावारलाई सुरक्षित स्थानसम्म ढुवानी गर्न लाग्ने खर्च यस शिर्षकबाट गर्न सकिनेछ ।
- कार्यक्रम सम्पन्न पश्चात गरिएका कृयाकलापहरु समेटी प्रतिवेदन तयार गर्नु पर्नेछ ।

## २६. कवुलियती वन नविकरण तथा कबुलियती वन सुधार कार्यक्रम/ कवुलियती वन सम्बन्धी कार्यदलको बैठक तथा अन्तरक्रिया

समेट्नु पर्ने क्रियाकलापः

- कवुलियती वन सुधार कार्यक्रमका लागि छुट्याइएको रकम जिल्लामा विगत देखि सञ्चालनमा आएका सामुदायिक तथा कवुलियती वन विकासका कार्यक्रमलाई निरन्तरता दिन वा आवश्यक नयाँ क्रियाकलापहरु सञ्चालन गर्नका लागि एकमुष्ठ रुपमा विनियोजित बजेटलाई Break Down गरी प्रचलित नर्म्स बमोजिम लागत अनुमान तयार गरी वन निर्देशनालयबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।
- उपभोक्ता समूह गठन, विधान तयारी, वन कार्ययोजना तयारी र हस्तान्तरण तथा वन कार्य योजना नवीकरण गर्ने ।
- वृक्षारोपण, गोडमेल, बारबन्देज, आगलागी नियन्त्रण तथा वन सम्बर्द्धन लगायतका वन सुधारका कार्यहरु संचालन गर्ने ।
- यस कार्यक्रमका लागि विनियोजित बजेट सहभागीको दैनिक तथा भ्रमण भत्ता, खाना, खाजा, यातायात लगायतका शिर्षकमा स्वीकृत लागत अनुमानको परिधि भित्र रही खर्च गर्न सकिने छ ।

## २७. स्कूल शिक्षा कार्यक्रम

समेट्नु पर्ने क्रियाकलापः

- प्रस्तुती तयारी, विद्यालयमा अतिरिक्त कक्षा संचालन, वक्तृत्वकला, हाजिरी जवाफ तथा आवश्यकता अनुसार अन्य सृजनात्मक कृयाकलाप संचालन गर्ने ।
- वन तथा वातावरण क्षेत्रमा देखिएका सवालहरुको आधारमा जोखिम बढी भएका क्षेत्रका विद्यालयहरु छनौट गर्ने ।
- कार्यक्रमको प्रभाव र जलवायु परिवर्तन सम्बन्धी प्रस्तुतीकरण तयार गर्ने ।
- यस शिर्षकको रकमबाट विद्यालयका विद्यार्थीहरुलाई चिया, खाजा र प्रशिक्षकहरुलाई प्रशिक्षण भत्ता उपलब्ध गराउन सकिने छ ।
- प्रभावकारीता हेरी वक्तृत्वकला तथा हाजिरी जवाफ प्रतियोगिता संचालन गर्न सकिने छ ।
- स्कूलहरुमा वातावरण सम्बन्धी सृजनात्मक चेतनामूलक कार्यक्रम संचालन गर्ने र सो का लागि लाग्ने यातायात तथा भ्रमण खर्च तथा अन्य मसलन्द सामाग्री खरिद गर्न सकिने छ ।
- प्रतियोगितात्मक क्रियाकलाप संचालन गरेको अवस्थामा विद्यालयका उत्कृष्ट प्रतिभाहरुलाई पुरस्कृत गर्न सकिनेछ ।

## २८. बाह्य मिचाहा प्रजातिको नियन्त्रण

समेट्नु पर्ने क्रियाकलापः

- स्थानीय समुदायसँग अन्तरक्रिया कार्यक्रम, जनचेतनाका कार्यक्रम, प्रचार प्रसार सामग्री प्रकाशन तथा वितरण, मिचाहा प्रजाति हटाउने कुनै प्रविधि सम्बन्धी स्थलगत अभ्यास, औषधी तथा औजार खरिद तथा मिचाहा प्रजातिको नियन्त्रण ।
- मुख्य बाह्य मिचाहा प्रजातिहरु पहिचान गरी हटाउने योजना बनाउने ।
- समुदायमा आधारित वन प्रणालीमा भए समूहसँग संझौता गरी कार्य सम्पन्न प्रतिवेदनको आधारमा अनुदान दिने ।
- सरकारी वन क्षेत्रमा भए प्रचलित नर्म्स अनुसार अमानत वा टेण्डरबाट हटाउन सकिने छ ।
- कार्यालयबाट नियमानुसारको कन्टिन्जेन्सी छुट्याई प्रजाति तथा क्षेत्र पहिचान गर्ने र अनुगमन गर्न सकिनेछ ।

## २९. नर्सरी मर्मत/नयाँ नर्सरी स्थापना (जडीबुटी नर्सरी/हाइटेक नर्सरी)

समेट्नु पर्ने क्रियाकलापः

- डिभिजन वन कार्यालयहरु र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुमा रहेका नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर ट्याङ्की, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिंचाईको व्यवस्था, प्रजातिको नेम प्लेट, होर्डिङ बोर्ड तथा यस्तै अन्य मर्मत तथा स्तरोन्नती सम्बन्धी कार्यहरु ।
- पुराना नर्सरीहरुको सामान्य मर्मत तथा नर्सरीको स्तोरन्नती गर्ने क्रियाकलाप संचालन गरिनेछ ।
- नयाँ नर्सरी स्थापना गर्ने कार्यक्रम भएमा उपयुक्त स्थान छनौट (मोहडा, पानी सिंचाई, विरुवा ढुवानी गर्ने बाटो समेतको आधारमा) गर्नुपर्नेछ ।

- खर्च अनुमान गर्दा वन तथा वातावरण मन्त्रालयको प्रचलित स्वीकृत नर्म्स तथा जिल्ला दररेट बमोजिम गर्नुपर्नेछ ।
- कार्यतालिका तयार गरी समयमै बजेट तथा अख्तियारी प्राप्त भएको अवस्थामा प्रथम चौमासिकको अवधिमा नर्सरी मर्मत को कार्यहरु गर्नुपर्नेछ ।
- सार्वजनिक खरिद ऐन नियमो परिधि भित्र रही ठेक्का वा अमानतबाट कार्य सम्पादन गराउन सकिनेछ ।

## ३०. स्थानीय वन समूहहरु, सा.व.उ.स. मार्फत विरुवा उत्पादन सहयोग अनुदान

समेट्नु पर्ने क्रियाकलापः

- वृक्षारोपण गर्नुपर्ने र खाली स्थान भएका समूहहरुको पहिचान र छनौट ।
- डिभिजन वन कार्यालयले वृक्षारोपण योजना अनुरुप वृक्षारोपण गर्न स्थानीय हावापानी सुहाँउदो प्रजातिका बिरुवा सामुदायिक वनहरुसँग सम्झौता गरी त्यस्ता सामुदायिक वन उपभोक्ता समूहहरुले उत्पादन गर्नुपर्नेछ ।
- समूहबाट विरुवा उत्पादन गर्ने कार्यका लागि विरुवाको गुणस्तर र संख्याको अनुगमन तथा प्राविधिक सहजीकरण सव-डिभिजन वन कार्यालयका प्राविधिकले गर्नु पर्नेछ उक्त कार्यको लागि लाग्ने खर्च विरुवा उत्पादन वजेटबाट नै गर्नु पर्नेछ ।
- सम्झौता बमोजिमका बिरुवा उत्पादन भएपछि बिरुवाको गुणस्तर चेकजाँच गरी बिरुवा ककस्लाई वितरण गरियो र कहाँ रोपिएका हुन् सो को अभिलेख समेत राख्नुपर्दछ ।
- स्वीकृत विभागीय नर्म्स अनुसारको विरुवा उत्पादन कार्यको प्रजाति अनुसारको साईज , संख्या र उपलब्ध गराउनु पर्ने समय निर्धारण गरी सम्झौता गर्नु पर्नेछ ।
- कार्य प्रारम्भ गर्न सम्झौता पश्चात नियमानुसार पेश्की उपलब्ध गराउन सकिनेछ ।
- नर्सरी निर्माण कार्य समूहले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

## ३१. सामाजिक परिचालन सेवा/पञ्चासे वन संरक्षण क्षेत्र व्यवस्थापन कार्यक्रम/कवुलियती वन समूहमा सुपरीवेक्षण प्राविधिक सहयोग (रेञ्जर, जिल्ला सुपरभाइजर र का.स. समेत)

समेट्नु पर्ने क्रियाकलापः

- रेञ्जर, जिल्ला सुपरभाइजर वा सहजकर्ता वा समूह उत्प्रेरकलाई आवश्यकता र औचित्यताको आधारमा लागत अनुमान तयार गरी सम्बन्धित पदाधिकारीबाट स्वीकृत गराई पारिश्रमिक उपलब्ध गराउन सकिनेछ।
- यो कार्यक्रम वन संरक्षण क्षेत्र, कबुलियती वन क्लष्टर तथा साझेदारी वन व्यवस्थापनमा सामाजिक समावेशीकरण तथा सकृयता वृद्धि गर्नुपर्ने स्थानहरुमा लागु गर्नु पर्नेछ ।
- समूह उत्प्रेरकहरुको हकमा कम्तिमा दस कक्षा उत्तिर्ण गरेको महिला हुनुपर्नेछ । विगतदेखि कार्यरत रेञ्जर, जिल्ला सुपरभाइजर, सुपरभाइजर र उत्प्रेरक वा सहजकर्तालाई प्राथमिकता दिई सम्झौता गरी काममा लगाउन सकिनेछ । सेवा र सुविधा विभागीय नर्म्सले तोकेको सीमा वा समान तहको निजामती कर्मचारीले प्रचलित नियम अनुसार पाउने मासिक आधारभूत तलव स्केल भन्दा नबढने गरी उपलब्ध गराउन सकिनेछ । रेञ्जरको हकमा वन विज्ञानमा प्रमाण पत्र तह उतिर्ण गरेको हुनु पर्नेछ र जिल्ला सुपरभाइजरको हकमा सम्झौता गर्दा न्यूनतम प्रमाण पत्र तह वा सो सरह उत्तिर्ण भएका सम्बन्धित जिल्लावासी वा क्षेत्रका महिलाहरु मध्येबाट प्रतिस्पर्धा गराई नियुक्ति गर्नुपर्नेछ ।

- छनौट भएका उत्प्रेरक तथा जिल्ला सुपरभाइजर उत्प्रेरकलाई डिभिजन वन कार्यालयका योजना तथा व्यवस्थापन शाखामा कार्यरत अधिकृतले कार्य विवरण तयार गरी निजहरुलाई काममा लगाउनु पर्नेछ । पञ्चासे वन संरक्षण क्षेत्रको हकमा प्रवन्धकले कार्य विवरण तयार गरी कार्यान्वयन गर्नु पर्नेछ ।
- जिल्ला सुपरभाइजरले सहजकर्ता तथा उत्प्रेरकले सम्पादन गरेका कार्यको प्रत्येक महिनामा बैठक बसी समिक्षा गरी प्रतिवेदन कार्यालयमा पेश गर्नु पर्नेछ ।
- कार्यालय सहयोगीको हकमा सोही क्षेत्रको वासिन्दा हुनु पर्नेछ ।
- पञ्चासे वन संरक्षण व्यवस्थापन कार्यक्रम अन्तर्गत पोखरी निर्माण/मर्मत, पदमार्ग निर्माण र स्तरोन्नती, चौतारी/ विश्राम स्थल निर्माण र स्तरोन्नती, जैविक विविधता संरक्षण, जीविकोपार्जन सुधार कार्यक्रम, जलाधार संरक्षण सम्बन्धी क्रियाकलाप जस्तै: खोला किनार संरक्षण, खेतबारी संरक्षण, पहिरो नियन्त्रण, गल्छी नियन्त्रण, पानी मुहान संरक्षण, विरुवा उत्पादन खरिद र वितरण, मेला पर्व संचालन र व्यवस्थापनमा सहयोग, धर्मशाला मर्मत आदि कार्य गर्न सकिनेछ ।

## ३२. कृषि वन प्रवर्द्धन कार्यक्रम/कृषि वन सम्बन्धी अभिमुखिकरण/कृषि वन विकासका लागि क्षेत्र, घरधुरी छनौट सञ्जालिकरण/कृषि वन विकास तथा विस्तार कार्यक्रम/कृषि वन खेती विस्तार तालिम

समेट्नु पर्ने क्रियाकलापः

- अगुवा किसान, कृषि सहकारी, कृषक समूहहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ र सम्भव भए तिनको क्लस्टर अनुसार वा स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नु पर्नेछ ।
- प्याकेज तालिम दिने, कृषिवन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।
- आवश्यकता अनुसार कृषि वन सम्बन्धी फिल्डस्तरिय कोचिङ्ग, प्याकेज सहितको तालिम नर्म्स अनुसार संचालन गर्ने तथा उपलब्ध भए स्थानीयस्तरका विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्न सकिने छ ।
- निजी जग्गामा कृषि वन प्रवर्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा बहुवर्षीय रुख प्रजातिका बिरुवाहरु जस्तैः अमला, लप्सी, वेल आदि एवं आँप, लिची, कटहर जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो रोपण गर्न बिरुवा उपलब्ध गराउन सकिने छ ।
- यसरी उपलब्ध गराउने बिरुवाहरू नर्सरीदेखि समूहसम्म लैजानको लागि ढुवानीको व्यवस्था गर्ने र बजेट उपलब्ध भएमा स्वीकृत लागत अनुमानको अधिनमा रही कार्यालयको तर्फबाट अधिकतम प्रति विरुवा रोपणको लागि रू. १० सम्म अनुदान उपलब्ध सकिने छ ।
- यो क्रियाकलाप सम्पन्न गर्नका लागि आवश्यकतानुसार स्थानीय कृषि ज्ञान केन्द्र तथा अन्य निकायसँग पनि समन्वय गर्न सकिनेछ ।
- रोपण भएका विरुवाहरूको लगत र विवरण सम्बन्धित सव-डिभिजनले तयार गर्नुपर्नेछ र डिभिजन वन कार्यालयमा रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

## ३३. निजी तथा कृषि वन विकास कार्यक्रम /निजी वन प्रवर्द्धन सहयोग

समेट्नु पर्ने क्रियाकलापः

- अगुवा किसान, कृषि सहकारी, कृषक समूहहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ र सम्भव भए तिनको क्लस्टर एवं स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गर्नुपर्नेछ ।
- प्याकेज तालिम दिने, कृषि-वन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।
- जिल्लामा निजी तथा कृषि वनको अभ्यास एवं सुरुवात गर्नु पर्नेछ । अगुवा किसानहरु, कृषि सहकारी मार्फत सम्भव भए तिनको क्लस्टर अनुसार स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क गठन गर्नुपर्नेछ ।
- निजी तथा कृषि वन विकास गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा बहुवर्षीय रुख प्रजातिका बिरुवाहरु जस्तैः अमला, लप्सी, वेल आदि एवं आँप, लिची, कटहर जस्ता स्थानीय हावापानी सुहांउदो फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसो आदिका विरुवा वा उन्नत विउबिजन, प्राङ्गारिक जैविक मल आदि खरिद गर्न सकिनेछ ।
- निजी तथा कृषि वन सम्बन्धी फिल्डस्तरीय कोचिङ्ग तथा उपलब्ध भए स्थानीयस्तरमा विद्यमान कृषक समूहसंग समन्वय गरी कार्य गर्नुपर्नेछ ।
- यो कृयाकलाप सम्पन्न गर्नका लागि स्थानीय कृषि ज्ञान केन्द्र तथा अन्य निकायसंग पनि समन्वय गर्न सकिनेछ ।

## ३४. शहरी वन तथा हरियाली प्रवर्धन कार्यक्रम/ हरियाली प्रवर्धन कार्यक्रम/ सहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्द्धन कार्यक्रम

समेट्नु पर्ने क्रियाकलापः

- नगरपालिका तथा शहरोन्मुख गाउँपालिकाका सार्वजनिक खाली क्षेत्र, सडक किनार, नदी किनार लगायतका स्थानहरुमा कार्यक्रम कार्यान्वयन गर्न सकिने ।
- सम्बन्धित स्थानीय तह, उपभोक्ता समूह र सरोकारवालाहरुसँग छलफल गरी स्थान पहिचान गर्ने, सर्भेक्षण, लागत अनुमान तयारी, विरुवा खरिद, वृक्षारोपण तथा संरक्षण ।
- हरियाली प्रवर्द्धन कार्यक्रमका लागि निजी, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, स्थानीय तहले तोकेको टोल सुधार संस्था र अन्य संघ संस्थाहरुको साझेदारीमा वृक्षारोपण साथै सार्वजनिक पर्ति, अतिक्रमण हटाईएको जग्गामा वृक्षारोपण तथा संरक्षण गर्न सकिने छ । सम्बन्धित स्थानीय तह र वन कार्यालयको सह-लगानीमा यो कार्यक्रम सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।
- सम्बन्धित उपभोक्ता समूहसंग कार्यसम्पादन गर्न सम्झौता गर्नुपर्नेछ र संरक्षणको उचित व्यवस्था मिलाउनु पर्दछ ।
- प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने छ र कार्य सम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन प्राप्त भए पछि अन्तिम भुक्तानी उपलब्ध गराउनु पर्नेछ ।
- यस कार्यक्रमको लागि बहुवर्षीय ठूला विरुवा रोपण गर्नुपर्नेछ ।
- सम्बन्धित सरोकारवालाहरु तथा स्थानीय तहसंग छलफल गरी संरक्षणको व्यवस्था मिलाउनुपर्दछ ।

- स्वीकृत बार्षिक कार्यक्रम अनुसारका क्रियाकलापहरु प्रचलित नर्म्स, जिल्ला दररेट, सार्वजनिक खरिद ऐन, नियम, मापदण्डअनुसार कार्यान्वयन गरी खर्च गर्नुपर्नेछ ।
- शहरी सडक किनारा वृक्षारोपण तथा हरित प्रवर्द्धन कार्यक्रम अन्तर्गत स्थानीय रुपमा पाईने सामाग्रीबाट निर्मित वा फलामको Tree Guard द्वारा बृक्षारोपणको स्याहार संभार गर्न सकिनेछ ।
- प्रचलित नियमानुसारको कन्टिन्जेन्सी छुट्याई सो रकमबाट अनुगमन कार्य गर्न सकिनेछ ।
- कार्य सम्पन्न भएपछि होर्डिङ बोर्ड राखी सम्पादित कामको फोटो, क्षेत्रफल (जि.पि.एस. कोअर्डिनेट), रोपिएका बिरुवा संख्या, प्रजाति (सहरी वनको हकमा Tag समेत लगाई), कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातहरु तयार गर्नुपर्नेछ र अभिलेख व्यवस्थित गरी सम्बन्धित कार्यालयले राखु पर्नेछ ।

## ३५. जडीबुटी संकलन तथा प्रशोधन केन्द्र स्थापना /गैरकाष्ठ वन पैदावार संकलन केन्द्र निर्माण

समेट्नु पर्ने क्रियाकलापः

- जडिबुटी संकलन तथा प्रशोधनका लागि आवश्यक Shade House निर्माण, ड्रायरको खरिद तथा स्थापना, प्रशोधनका लागि आवश्यक पर्ने मेसिन र उपकरणहरुको खरिद र आवश्यक पूर्वाधार निर्माण गर्ने ।
- प्रदेशको जडीबुटी/गैरकाष्ठ वन पैदावार सम्बन्धी सम्भाव्यता अध्ययनले सिफारिस गरेका प्रजाति र यस प्रदेशका उच्च पहाडी जिल्लाहरु, पहाडी जिल्लाहरुमा प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु जस्तै टिमुर, सतुवा, सुगन्धवाल, तेजपात, अलैंची आदि र सुगन्धित वनस्पति जस्तै मेन्था, लेमनग्रास तथा लप्सी जस्ता वनस्पतिहरु भण्डारण र प्रशोधन गर्न यो कार्यक्रमबाट खर्च गर्न सकिनेछ ।
- भण्डारण तथा प्रशोधन केन्द्र स्थापना गर्दा निम्न बुदाँहरु अपनाउनु पर्नेछ :
  - यस प्रदेश अन्तर्गतका जिल्लाहरुमा पहिचान भएका प्रशस्त मात्रामा पाइने र खेती गरिने जडीबुटीहरु साथै सुगन्धित वनस्पतिहरुको पकेट क्षेत्रको सार्वजनिक स्थान वा समूहका लागि लिजमा लिइएको निजी जग्गामा जडीबुटी भण्डारण र प्रशोधनका लागि Distillation Unit को स्थापना डिभिजन वन कार्यालय, स्थानीय तह र सरोकारवालाहरुको सहयोगमा गर्ने ।
  - डिभिजन वन कार्यालयले पत्रिका, सार्वजनिक जनसम्पर्कका कार्यालयहरु र पकेट क्षेत्रका स्थानीय तहमा १५ देखि ३० दिने सूचना प्रकाशन गरी भण्डारण तथा प्रशोधन केन्द्र स्थापनाका लागि समूह र सहकारीहरुबाट प्रस्ताव आह्वान गर्नुपर्नेछ ।
  - उद्यमी, सहकारी, सामुदायिक तथा कबुलियती वन समूह, वा जडीबुटी तथा गैरकाष्ठ व्यवसायमा संलग्न किसानले प्रकाशित सूचना बमोजिम व्यवसायिक योजना सहित, प्लान्ट स्थापना गर्ने क्षेत्रको चारकिल्ला सहित प्राविधिक तथा आर्थिक प्रस्ताव म्यादभित्र डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ ।
  - प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरुको नियमानुसार मूल्याङ्कन गरी उपयुक्त प्रस्तावको छनौट गर्नुपर्नेछ । प्रस्तावहरुको मूल्याङ्कन गर्दा कच्चा पदार्थ उपलब्धताको सुनिश्चितता, जडीबुटीको पकेट क्षेत्रमा उत्पादित पैदावारको प्रशोधन, लाभप्रद व्यावसायिक योजना, प्रस्तावकको कूल लगानी, वातावरणीय प्रभाव, जनसहभागिता, स्थानीय रोजगारीको सुनिश्चितता, मूल्य अभिवृद्धि क्षमता, प्रस्तावकको लगानीको प्रतिशत र सुनिश्चितता, कार्यक्रमको नवीनता तथा श्रृजनशिलता आदिको आधारमा मूल्याङ्कन गर्नुपर्नेछ ।
  - प्रस्ताव मूल्याङ्कन गर्दा आवश्यकता अनुसार विज्ञहरु सहितको प्राविधिक समिति गठन गरी डिभिजनल वन अधिकृतले प्रस्तावना मूल्याङ्कन गराउनु पर्नेछ ।

- प्रस्तावकले न्यूनतम २० प्रतिशत वा सो भन्दा बढी लगानी गर्नुपर्नेछ ।
- कार्य सञ्चालन गर्न प्रचलित नियमानुसार पेश्की उपलब्ध गराउन सकिने छ ।
- कार्यक्रम सम्पन्न भए पश्चात नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, प्राविधिक मूल्याङ्कन, जाँचपास र निर्मित भौतिक संरचनाको तस्वीरहरुको आधारमा भुक्तानी गर्ने ।
- कार्यक्रम संचालन गर्न समूह, संस्था, सहकारी छनौट भई नगद अनुदान लगेकोमा सम्झौता बमोजिम कार्य तोकिएको समय भित्र सम्पन्न नगरेमा त्यस्तो रकम सरकारी बाँकी अशूल उपर गरिने छ ।

## ३६. पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार/विकास, प्रवर्धन, उत्पादन, भण्डारण र प्रशोधन/जडीबुटी खेतीका लागि अनुदान/जडिबुटीको प्रशोधन तथा स्तरोन्नतिका लागि औजार तथा प्रविधि हस्तान्तरण

समेट्नु पर्ने क्रियाकलापः

पकेट क्षेत्र छनौट, प्रस्ताव आह्वान, जडीबुटी विरुवा उत्पादन/खरिद, वृक्षारोपण, स्याहार संभार, संरक्षण ।

- उपभोक्ता समितिसँग सम्झौता गरी जडीबुटी खेति विस्तार, विकास र प्रवर्द्धन सम्बन्धी कार्यहरु संचालन गर्नका लागि नियमानुसार सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गर्ने ।
- सामुदायिक तथा कवुलियती वन समूह वा किसानले प्रकाशित सूचना बमोजिम डिभिजन वन कार्यालयमा प्रस्ताव पेश गर्ने ।
- व्यवसायिक उत्पादन गर्न सक्ने क्षमता, बजारको पहुँच, प्रस्तावकको लगानी प्रतिशत, वैदेशिक रोजगारीबाट फर्किएका युवा र अनुभव लगायतका विषयलाई ध्यान दिई यस्ता मापदण्डका आधारमा उत्कृष्ट प्रस्ताव छनौट गरी डिभिजन वन कार्यालयले खेती विस्तार तथा अनुदानका लागि सम्झौता गर्ने।
- यस कार्यक्रममा क्षमता अभिवृद्धि लगायत, जडीबुटी विरुवा खरिद तथा उत्पादन, रोपण कार्य, उद्यम स्थापना तथा बजारीकरण लगायतका कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।
- जडीबुटी रोपण गरिएको क्षेत्रमा कार्यालयले तोकिदिएको ढाँचाको विवरणहरु सहितको होर्डिङ्ग बोर्ड राख्नु पर्नेछ ।
- जडिबुटी तथा गैरकाष्ठ वन पैदावार संकलन, प्रशोधन, भण्डारणमा आदिमा प्रयोग हुने विभिन्न किसिमका औजार उपलब्ध गराउन सकिने ।

## ३७. संकटापन्न तथा लोपोन्मुख वन्यजन्तु संरक्षण कार्यक्रम

समेट्नु पर्ने क्रियाकलापः

- संकटापन्न तथा लापोन्मुख प्रजाति पहिचान गरी प्रमुख लोपोन्मुख प्रजातिहरु छनौट गरी पकेट क्षेत्र नक्शांकन गर्ने ।
- पकेट क्षेत्र नक्शांकन, लोपन्मुख प्रजातिहरु छनौट, सरोकारवालाहरुसँग छलफल, वासस्थान संरक्षण, बासस्थान सुधार, आहारको व्यवस्था, चोरी शिकारी/निकासी रोकथाम, जनचेतनामूलक तालिम/गोष्ठी, होर्डिङ्ग बोर्ड, पर्चा, पुरस्कार आदि ।
- पहिचान भएको क्षेत्रमा लोपोन्मुख जातका वन्यजन्तु संरक्षणको लागि समुदायस्तरमा संरक्षण समूह मार्फत वासस्थान संरक्षण तथा चोरी निकासी रोकथाम सम्बन्धी विभिन्न कृयाकलापहरु संचालन गर्ने।

- चेतनमुलक तालिम/गोष्ठी, प्रचार प्रसार, केज निर्माण, बासस्थान सुधार, पुरस्कार आदि आवश्यकता अनुसार विभिन्न कार्यक्रमहरु संचालन गर्न सकिनेछ ।

## ३८. मानव वन्यजन्तु द्वन्द व्यवस्थापन तथा वन्यजन्तु उद्दार/समस्याग्रस्त तथा हानिकारक वन्यजन्तुको व्यवस्थापन/CBAPU संस्थागत सुदृढीकरण तथा सहयोग

समेट्नु पर्ने क्रियाकलापः

- वन्यजन्तुहरुको उद्दार, पुनर्स्थापना, आहारको व्यवस्था, मानव वन्यजन्तु द्वन्दको अवस्था सर्भेक्षण एवं विश्लेषण, प्रचारप्रसार कार्यक्रमहरु (जनचेतनामूलक कार्यक्रम, रेडियो तथा पत्रपत्रिकामा संरक्षणमूलक सन्देश प्रसारण, बुकलेट, पुस्तिका प्रकाशन तथा वितरण),
- जिल्ला वन्यजन्तु अपराध नियन्त्रण ईकाई (DWCCB), समुदायमा आधारित चोरी शिकारी नियन्त्रण इकाइ (CBAPU) तथा द्रुत टोली परिचालन (RRT) बैठक तथा गोष्ठी संचालन, शिकार प्रतिरोध अपरेशन संचालन ।
- मानव–वन्यजन्तु द्वन्द व्यवस्थापनको क्रममा परिचालन हुने टोलीलाई फिल्डस्तरमा कार्य गर्नका लागि लाग्ने भत्ता, फिल्ड गियर, खाजा भत्ता, इन्धन आदिमा यस शिर्षकमा विनियोजित बजेटबाट स्वीकृत नर्म्स र जिल्ला दररेटको परिधि भित्र रही खर्च गर्न सकिनेछ ।

## ३९. सामुदायिक वनमा Fruit-Forestry Model स्थापना / सामुदायिक वनमा वनजन्य फलफूल रोपण

समेट्नु पर्ने क्रियाकलापः

- सामुदायिक वन क्षेत्रमा खाली स्थान भएका समूहसँग छलफल गरी स्थान छनौट ।
- झाडी सफाई गरी जग्गा तयारी ।
- लप्सी, ओखर, जामुन, क्यामुना, डुम्री, अमला, चिउरी, हाडे काफल जस्ता स्थानीय हावापानी सुहांउदो प्रजातिका वनजन्य फलफूल विरुवा कार्यालय नर्सरीमा उत्पादन वा वनजन्य फलफूल विरुवा स्वीकृत जिल्ला दररेट अनुसार खरिद गरी वृक्षारोपण स्थलसम्म ढुवानी ।
- वृक्षारोपण, गोडमेल र संरक्षण सम्बन्धी कार्यका लागि उपभोक्ता समूहसँग संझौता ।
- Fruit-Forestry Model लागु गर्ने सा.व. मा घाँसे चउर वा झाडी स्थान भएको समूह मात्र छनौट गर्ने र विरुवा उपलब्ध भएपछि वृक्षारोपण र संरक्षण गर्न संझौता गर्नु पर्नेछ ।
- वृक्षारोपण र संरक्षणमा प्रति हेक्टर अनुदान नर्मस अनुसार बढीमा ८०% कार्यालयको तर्फबाट र न्यूनतम २०% समूहको लगानी हुने गरी संझौता गर्ने ।
- दोस्रो वर्षमा Enrichment Plantation गर्ने व्यवस्था गर्ने ।
- वृक्षारोपण गरिने विरुवा कम्तीमा ७५% वनजन्य फलफूल प्रजाति हुनुपर्ने र त्यस्ता विरुवा कार्यालय नर्सरीमा उत्पादन गर्ने, कार्यालय नर्सरीमा उत्पादन हुन नसकेमा उपयुक्त स्थानबाट गुणस्तर यकिन गरी प्रचलित खरिद सम्बन्धी ऐन नियम अनुसार खरिद गर्न सकिने छ ।

### ४०. Seed Stand स्थापना, मर्मत, सुधार तथा स्तरोन्नती

समेट्नु पर्ने क्रियाकलापः

- नयाँ Seed Stand स्थापना गर्ने भएमा प्रजाति छनौट अनुसार सर्भे, नम्बरिङ र Layout सहितको सूचना बोर्ड राख्ने ।
- पुरानो तथा नयाँ दुवै प्रकारका Seed Stand मा झाडी सफाई, संरक्षण घेराबेरा वा पर्खाल मर्मत गर्ने कार्य ।
- सामुदायिक वन वा निजी रुखहरुमा Seed Stand भएमा समूहको निर्णय र निजी रुख भए जग्गा धनीको सहमती गरी संरक्षणको व्यवस्था मिलाउने ।
- सामुदायिक वन, साझेदारी वनमा स्थापना वा मर्मत गर्न GPS नक्शाबाट सर्भे गरी नक्शा तयार गर्ने ।
- बिउ उत्पादन हुने रुखहरुबाट बिउ संकलन विधि सम्बन्धी अभिमुखीकरण ।
- बिउ संकलन गर्ने औजार, थिनिङ्ग र प्रुनिङ्ग सम्बन्धी सामाग्री खरिद ।
- वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्रसँगको समन्वयमा व्यवस्थापन सम्बन्धी सहकार्य गर्ने ।
- छनौट भएका वा पहिला देखिनै भएका Seed Stand मा समूह वा निजी जग्गा धनीसँग बैठक बसी संरक्षण व्यवस्थापन सम्बन्धी संझौता गर्ने ।
- आवश्यक परे वन बिउ प्रयोगशाला तथा भण्डारण केन्द्रका प्राविधिक सँगै Seed उत्पादन गर्ने रुखहरु पहिचान र मार्किङ्ग गर्ने ।
- झाडी सफाई, थिनिङ्ग र प्रुनिङ्ग जस्ता कार्यहरु गर्न वन कार्यालय वा समूहले अमानतमा गर्न संझौता गर्न सक्नेछ ।
- वन बिउ रुख संकलन र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गर्ने ।
- बिउ संकलन क्षेत्रमा तारबार वा पर्खाल निर्माण मर्मत (नर्मस अनुसार) ।
- बिउ संकलन गर्ने औजार प्रयोग गरी वा समूहलाई दिई संकलन गर्न लगाई उक्त बिउ वन कार्यालय वा बिउ केन्द्रले खरिद गर्ने, नर्सरीमा वितरण गर्ने ।
- बिउ दिने रुख संख्या, नक्शा सहितको सूचना पाटी साइटमा राख्ने ।

## ४१. सामुदायिक वन तथा कवुलियती वनको अनुगमन, मूल्याङ्कन र पुस्तिका प्रकाशन/उत्कृष्ट समूहलाई पुरस्कार समेत

समेट्नु पर्ने क्रियाकलापः

- अनुगमन फर्मेट तयार गरी फोटोकपी वा छपाई गर्ने ।
- अनुगमन फर्मेटको बारेमा स्टाफ बैठकमा अभिमुखीकरण गर्ने
- सम्बन्धित समूह कार्यालयमा गई उपभोक्ता, समूहका पदाधिकारी सँग फर्मेटमा भएका सूचना भर्ने (कोष परिचालन, वन पैदावार वितरण सम्बन्धी तथ्याङ्क अनिवार्य)
- समूहका अध्यक्ष र कर्मचारीको सही गर्ने ।
- अनुगमन फर्मेट ३ प्रति तयार गरी समूहमा १ प्रति, सव-डिभिजन वन कार्यालयमा १ प्रति र बाँकी १ प्रति डिभिजन वन कार्यालयमा बुझाउने ।
- फर्मेटमा पेश भएको तथ्याङ्क एवं सूचना सव डिभिजन वन कार्यालय र डिभिजन वन कार्यालयमा विश्लेषण गर्ने ।

- अनुगमन फर्मेटको सूचना विश्लेषण र अनुगमन मूल्याङ्कन पुस्तिका छपाई र वितरण
- सामुदायिक वन समुहको अनुगमनको आधारमा जिल्लामा रहेका सामुदायिक वनहरुको तुलनात्मक मूल्यांकन गर्ने ।
- मूल्यांकन गर्न एक मूल्यांकन समिति गठन गर्ने ।
- मूल्यांकन समितिमा डिभिजनल वन अधिकृत, निर्देशनालयको प्रतिनिधि र सम्वन्धित डिभिजन वन कार्यालयको योजना अधिकृत र अन्य आमन्त्रित समेत राख्न सकिने ।
- पुरस्कारको लागि नगद र प्रमाण पत्र उपलव्ध गराउन सकिने छ ।
- यस शिर्षकमा विनियोजित बजेटबाट तोकिएको फर्मेट समूहमा गई भरी आउने कर्मचारीलाई यातायात भाडा, खाना खाजा खर्च उपलब्ध गराउनु पर्नेछ ।

## ४२. पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण, लालीगुराँस पार्क निर्माण

समेट्नु पर्ने क्रियाकलापः

- ठूला पार्क तथा उद्यान निर्माण गर्दा कूल वार्षिक बजेटको १०% मा नबढ्ने गरी विस्तृत कार्ययोजना प्रतिवेदन (डि.पि.आर.) तयार गर्न सकिने छ ।
- सबै पर्यापर्यटन पार्क, हरित पार्क, उद्यान, धार्मिक वाटिका निर्माण गर्दा सम्बन्धित विषयगत प्राविधिकबाट डिजाइन र लागत अनुमान तयारी गराइ स्वीकृत गरी प्रचलित सार्वजनिक खरिद ऐन नियमको अधिनमा रही उपभोक्ता समूह वा निर्माण व्यवसायीबाट काम गराउन सकिने छ ।
- डिजाइन अनुसारको भौतिक संरचना निर्माण (पार्क उद्यान भित्र पदमार्ग, विश्राम स्थल, खानेपानी, अवलोकन स्थल, पहुँच मार्ग लगायतका भौतिक संरचना निर्माणको लागि कूल बजेटको बढिमा ७०% रकम खर्च गर्ने)
- हरित उद्यान (Green Park) को अवधारणालाई आत्मसात गरी सौन्दर्यीकरण कार्य गर्ने (फलफूल बगैंचा, हरित सौन्दर्य प्रदायक रुख बिरुवा रोपण, विरुवाको नामाकरण, गोडमेल, रेखदेख आदि)
- होर्डिङ्ग बोर्ड, पद चिन्ह तयार गर्ने ।
- पार्क वा उद्यान भित्र प्रकृति मैत्री मनोरञ्जनात्मक कृयाकलाप पनि समावेश गर्न सकिने छ ।
- तोकिएको स्थानमा नै कार्यक्रम कार्यान्वयनको लागि स्थानीय तह र सरोकारवाला बीच समन्वय बैठक बसी सह–लगानीमा कार्य संचालन गर्न योजना तयार गर्न सकिने छ ।

## ४३. पञ्चासे वन संरक्षण क्षेत्रमा धार्मिक,साँस्कृतिक कार्यक्रम प्रवर्द्धन

समेट्नु पर्ने क्रियाकलापः

- बालाचतुर्दशी र स्थानीय चाडपर्वहरुमा सरसफाइ, प्रचार प्रसार र सम्पदाहरुको संरक्षण गर्ने कार्य ।
- समूह/परिषद्का पदाधिकारीहरुको समन्वयमा वैठक वसी धार्मिक,साँस्कृतिक कार्यहरुको प्रवर्द्धन योजना वनाइ कार्यान्वयन गर्ने ।
- धार्मिक तथा साँस्कृतिक कार्यहरुमा कर्मचारी एवं स्वयंसेवक परिचालन गर्ने ।

## ४४. ढलापडा तथा वेवारिसे वरामदी काठ संकलन

- संकलन गर्नु पर्ने स्थान एकिन गर्ने
- ढलापडा काठभएको स्थानको जि.पि.एस डाटा लिने

- संख्या र परिमाण एकिन गर्ने
- वेवारिसे हो होइन एकिन गर्ने
- वन क्षेत्रमा रहेका ढलापडा, वेवारिसे तथा वरामदी काठ संकलन गर्ने
- वरामदी काठको छुट्टै तेरिज तयार गर्ने
- यस शिर्षकको रकम इन्धन, काठ ढुवानी, काठ व्यवस्थापन, दैनिक तथा भ्रमण भत्ता, खाजा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईष्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## ४५. विकास र वातावरण बीच समन्वय गर्न स्थानीय तह संग समन्वय गोष्ठी

- विकास र वातावरण बीच सन्तुलन कायम गर्न स्थानीय तहसंग समन्वय गोष्ठी
  - डिभिजन वन कार्यालयलयहरुले विकासका साझेदार र भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुका प्रमुख एवं कार्यक्रमसँग सम्बन्धित परियोजनाका प्रमुख एवं स्थानीय तहका जनप्रतिनिधिहरु, वन, वातावरण तथा भू-संरक्षण मन्त्रालयका पदाधिकारीहरु एवं अन्य विज्ञ तथा सहजकर्ताहरुको सहभागितामा संचालन गर्न सकिनेछ । वन तथा वातावरणसँग सम्बन्धित अन्य आवश्यक कार्यक्रम र सरोकारवालाहरुको समेत सहभागिता गराउन सकिने छ ।
- यस शिर्षकको रकम गोष्ठीमा सहभागीको दैनिक तथा भ्रमण भत्ता, सेसन फि, समन्वय भत्ता, खाजा, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईष्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ ।

## ४६. एक निर्वाचन क्षेत्र एक कृषि वन नमुना कार्यक्रम

समेट्नु पर्ने क्रियाकलापः

- “एक निर्वाचन क्षेत्रः एक कृषि वन नमुना" कार्यक्रमको संचालन निर्वाचन क्षेत्रका अगुवा किसान, कृषि सहकारी,कृषक समूहहरु मार्फत यो कार्यक्रम संचालन गरिने छ । सम्भव भए तिनको क्लष्टर वा स्थानीय तह अनुसार अनौपचारिक समूह वा नेटवर्क (सञ्जाल) गठन गरी नमुना कार्यक्रम संचालन गर्नु पर्नेछ।
- नमुना कृषि-वन सम्बन्धी प्याकेज तालिम दिने, कृषि-वन विस्तार गर्न समूह मार्फत विरुवा उपलब्ध गराउने, विरुवा ढुवानी र वृक्षारोपणको लागि अनुदान दिने ।
- निजी जग्गामा कृषि वन प्रवर्द्धन गर्न आवश्यक डालेघाँस, जडीबुटी प्रजातिका विरुवा तथा बहुवर्षीय रुखहरु अमला, लप्सी, वेल आदि तथा आँप, लिची, कटहर जस्ता फलफूल प्रजातिका बिरुवाहरु साथै अम्रिसोको बिरुवा उपलब्ध गराउन सकिने छ ।
- यसरी उपलब्ध गराउने बिरुवाहरू नर्सरीदेखि रोपण गर्ने समूहसम्म लैजानको लागि ढुवानी खर्च र उपलब्ध बजेट र स्वीकृत लागत अनुमान अनुसार रोपण कार्यको लागि प्रति बिरुवा अधिकतम रू. १० सम्म अनुदान उपलब्ध गराउन सकिने छ ।
- यो क्रियाकलाप सम्पन्न गर्नका लागि आवश्यकतानुसार निर्वाचित प्रदेश सभा सदस्यज्यू, स्थानीय जनप्रतिनिधि, कृषि ज्ञान केन्द्र र अन्य सरोकारवाला निकायहरुसँग समन्वय गर्नु पर्नेछ ।
- रोपण भएका विरुवाहरूको लगत र विवरण सम्बन्धित सव-डिभिजनले तयार गर्नुपर्नेछ र डिभिजन वन कार्यालयमा रिपोर्टिङ्ग गर्नु पर्नेछ ।

## ४७. पहिरो ग्रस्त क्षेत्र/खोला किनारा वृहत बाँस रोपण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु :

- यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी, पहिरो उपचार, सडक पाखो संरक्षण, र क्षतिग्रस्त भूमि पूनर्उत्थान गर्नका लागि उपभोक्तालाई बाँस निगालोको विरुवा तथा राइजोम उत्पादन, खरिद तथा वितरण र खोला किनारमा बाँसको रोपण गरिनेछ साथै यस अन्तर्गत बाँससंग संगै अम्रिसोको राइजोम समेतलाई समावेश गरेर संरक्षण कार्यलाई थप प्रभावकारी बनाउन सकिनेछ।

कार्यान्वयन प्रक्रिया: भू तथा जलाधार व्यवस्थापन कार्यालय र डिभिजन वन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ।

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई ठेक्काबाट पनि कार्य संचालन गर्न सकिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- वस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँगको सम्झौता फारम, नापी किताब फारम, उपभोक्तालाई किस्ता भुक्तानी बिल फारम, कार्यसम्पन्न प्रतिवेदन फारम प्रयोग गर्ने र अन्तमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि योजनाको सार्वजनिकीकरण गर्नुपर्नेछ ।

## ४८. जोखिमयुक्त रुखको व्यवस्थापन

- वनक्षेत्र बाहेकका जग्गाधनी प्रमाणपुर्जा नभएका सरकारी कार्यालय, समिति, संस्थान, अन्य कार्यालय परिसरमा वा वनक्षेत्र बाहेकका बाटोमा छहारी पर्ने, चौतारा, पानीको मुहान, धार्मिक स्थल, सार्वजनिक स्थल वा अन्य स्थानमा जोखिम अवस्थामा रहेका रुख तत्काल नहटाएमा सो रुखबाट जनधनको क्षति हुने अवस्था देखिएमा वन नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिमको समितिको निर्णयको आधारमा डिभिजनल वन अधिकृतले त्यस्तो रुख हटाउन अनुमति दिने ।
- प्राप्त हुने वन पैदावार डिभिजनल वन अधिकृतले सार्वजनिक सूचना जारी गरी लिलाम बिक्री गर्ने ।
- यस शिर्षकको रकम इन्धन, काठ ढुवानी, काठ व्यवस्थापन, खाजा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रहि लागत ईष्टिमेट स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिनेछ ।

## ४९. प्लाष्टिकको विकल्पको रुपमा वैकल्पिक झोला तयारी तथा वितरण

- यस कार्यक्रम अन्तर्गत प्लाष्टिकको विकल्पमा प्रयोग गर्न सकिने वातावरण सम्बन्धी जनचेतनामूलक सन्देश प्रवाह गर्ने गरी तयार गरिएको कपडाका झोलाहरु तयार गर्ने ।
- यसरी तयार गरिएका झोलाहरु कार्यक्रम गरी वितरण गर्ने र अभिलेख राख्ने ।

## ५०. जटायु (गिद्ध) संरक्षण तथा गौरक्ष केन्द्र व्यवस्थापन

- गिद्द व्यवस्थापनका लागि उपयुक्त क्षेत्र निर्धारण गर्ने ।
- उक्त क्षेत्रमा तारवार तथा कम्पाउण्ड वाल निर्माण गर्न सकिने ।
- उक्त क्षेत्रमा घाँस तथा डालेघाँस रोपण गर्नु पर्ने ।
- प्रतिवन्धित औषधि खुवाइएका गाइवस्तु उक्त क्षेत्रमा प्रवेश निषेध गर्ने ।
- जटायुको वासस्थान प्रवर्द्धनका लागि उपयोगी रुख प्रजातिहरु रोपण गर्ने ।
- आहारा व्यवस्थापन कायर्यहरु: ढुवानी गर्ने, खरिद गर्ने, सुरक्षित राख्ने ।
- सार्वजनिक स्थानमा मरेका गाइवस्तुहरु व्यवस्थापन गर्ने ।
- केज तथा काञ्जिहाउस निर्माण गर्ने ।
- टुहुरा तथा घाइते जटायु र जटायुका बच्चाहरुको उद्दार तथा व्यवस्थापन गर्ने ।

## ५१. वन्यजन्तुबाट भएको क्षतीको राहत सम्वन्धी जाँचबुझ तथा प्रतिवेदन तयारी

- यस शिर्षकको रकम वन्जन्तुको क्षतिको राहत दिने कार्यको स्थलगत जाँझबुझ गर्दा इन्धन, दैनिक तथा भ्रमण भत्ता, खाजा/खाना, संचार, प्रतिवेदन तयारी, स्टेशनरी, यातायात आदिमा खर्च गर्न सकिनेछ ।

## ५२. चौतारो संरक्षण तथा व्यवस्थापन/वर पिपल समी संरक्षण मर्मत तथा संरक्षण

- यस कार्यक्रम अन्तर्गतको बजेट भइरहेका चौतारा मर्मत, संरक्षणका लागि प्रयोग गर्न सकिने छ।
- सकेसम्म जैविक प्रविधि र सामाग्रीको प्रयोग गरी मर्मत र स्तरोन्नती तथा सौन्दर्यीकरण गर्न सकिने छ ।
- आवश्यक र उपयुक्त स्थानमा नयाँ चौतारा पनि निर्माण गर्न सकिने छ ।

## ५३. पचभैया प्राणी उद्यान विकास तथा वन्यजन्तु उद्दार केन्द्र संचालन

- गण्डकी प्रदेशको राजधानी पोखराको आसपासका क्षेत्रमा विगतका वर्षहरुमा प्राणी उद्यान स्थापना गर्ने प्रयास स्वरुप पचभैया, चैनपुर र चायापानी चिसाकुना सामुदायिक वनहरुको क्षेत्रमा रहने गरी स्थान छनौट भएको र आ.व. २०७५/०७६ मा सोको परिमार्जित विस्तृत परियोजना प्रतिवेदन समेत तयार पारिएकोले यसलाई प्रदेशकै गौरवको आयोजनाको रुपमा लिईएको छ । डिभिजन वन कार्यालय कास्कीले यस कार्यक्रमको निर्माण र व्यवस्थापनका कार्य महानगरपालिकाका स्थानीय वडा पदाधिकारी तथा सामुदायिक वन समूहहरुको सस्थागत समन्वयमा अगाडी बढाउने छ ।
- समेट्नु पर्ने कृयाकलापः व्यवस्थापन समिति र प्राविधिक परामर्श समिति गठन, Management plan तयारी, DPR मा उल्लेख भएका निर्माण गरिने पूर्वाधार/संरचनाहरुको विस्तृत अध्ययन, डिजाइन तथा लागत अनुमान तयारी, पूर्वाधार/संरचना निर्माण, सस्थागत संरचना निर्माण तथा सुदृढीकरण, विभिन्न सामाजिक सहजीकरणका कार्यहरु ।

- डिभिजन वन कार्यालय कास्कीले महानगरपालिका, सम्बन्धित वडा पदाधिकारी, सहभागी समूहहरु र सरोकारवालाहरुको समन्वयमा व्यवस्थापन समिति गठन र संस्थागत सुदृढीकरण गर्नेछ ।
- संरक्षणको लागि कर्मचारी र समूहको सहकार्यको व्यवस्था मिलाउने, निर्माण गर्ने संरचनाहरुको डिजाइन, लागत अनुमान तयार गराइ स्वीकृत गरी सार्वजनिक खरिद ऐन नियम अनुसार निर्माण गर्ने व्यवस्था मिलाउन सकिनेछ ।
- प्राणी उद्यान स्थापना र व्यवस्थापनको लागि पचभैयाको वनमा कार्य वातावरण श्रृजना गरी कृयाकलापहरु अगाडी बढाउनु पर्नेछ । प्राणी उद्यानमा रहेका वन्यजन्तुहरुको संरक्षण र उपचार समेत गर्नको लागि व्यवस्थापन समितिसँग सामाजिक सहजीकरण लगायतका विभिन्न कामहरु गर्ने प्रस्ताव माग गरिनेछ ।
- प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था बमोजिम विस्तृत लागत अनुमान तयार गरी डिभिजन वन कार्यालयले स्वीकृत DPR मा उल्लेख भएका भौतिक संरचनाहरु क्रमशः निर्माण गर्नेछ ।
- कार्य सम्पन्न भएपछि नापी किताब, कार्य सम्पन्न प्रतिवेदन, ठेक्का बिल तथा पेश भएका बिल भरपाई र कागजातको आधारमा भुक्तानी दिइनेछ ।

## ५४. मुद्दा अनुसन्धान तहकिकात तथा दायरी

- यस शिर्षकको रकम मुद्दाको अनुसन्धानको क्रममा इन्धन, दैनिक तथा भ्रमण भत्ता, खाजा/खाना, संचार, स्टेशनरी, यातायात, बकपत्र गर्न आउने साक्षीहरुको भ्रमण खर्च आदिमा खर्च गर्न सकिनेछ ।

## ५५. उपकरण खरिद तथा वितरण

- वन सर्वेक्षण र व्यवस्थापनसंग सम्बन्धित आवश्यक उपकरण, सामाग्री खरिद गर्न सकिने छ ।
- डढेलो व्यवस्थापनका सामाग्री खरिद गर्न सकिने ।
- कार्यालयलाई आवश्यक अन्य मेसिन उपकरण खरिद गर्न सकिने ।
- प्रचलित सार्वजनिक खरिद ऐन र नियमवलीको अधिनमा रही उपकरण खरिद गर्नु पर्नेछ ।

## ई. भू तथा जलाधार व्यवस्थापनसंग सम्बन्धित कार्यक्रमहरु

### १. सिंचाई कुलो संरक्षण

समेटिने सम्भावित क्रियाकलापहरु :

- सिंचाइ कुलो पुनर्निर्माण तथा सुधार, माथिल्लो र तल्लो भाग (Up-slope and Down-slope) को संरक्षण, इन्टेक (Intake), वितरण प्रणाली र सेडिमेन्ट ट्र्याप (Sediment Trap) को निर्माण तथा सुधार र कठिन भू–बनोट भै माटोको कुलो निर्माण संभव नभएको स्थानमा विभिन्न साइज किसिमका पाइपहरुको प्रयोग गरी पानी ल्याउने व्यवस्था मिलाउने लगायतका आवश्यक कार्यहरु
- स्थानीय तहसंगको समन्वयमा जनसहभागिता परिचालन गरी योजना सन्चालन गर्नुपर्नेछ ।

### २. खोला/ नदी/ खहरे किनार संरक्षण कार्यक्रम/तटबन्ध निर्माण कार्य

समेटिने सम्भावित क्रियाकलापहरु :

- Revetments निर्माण, Spurs निर्माण, Flow Retarding संरचना निर्माण, वहावलाई व्यवस्थापन गर्न Channelization गर्ने कार्य, Bio-engineering प्रविधिबाट डुबान क्षेत्र स्थिरिकरण (Flood Plain Stabilization) गर्ने कार्य, बाँधमा घाँस/बाँस लगायतका विरुवा लगाउने र संरक्षण गरिने क्षेत्रमा तारवार (Fencing) गर्ने कार्य ।
- स्थानीय तहसंगको समन्वयमा जनसहभागिता परिचालन गरी योजना सन्चालन गर्नुपर्नेछ ।

### ३. क्षतिग्रस्त भूमिको पुनर्स्थापना तथा उत्पादकत्व वृद्धि कार्यक्रम/किसानसँग भू–संरक्षण तथा खेतबारी संरक्षण कार्यक्रम

- समेटिने सम्भावित क्रियाकलापहरु: कन्टुर टेरेसिङ (Contour Terracing), कन्टुर ट्रेन्चिङ (Contour Trenching) र कन्टुर वन्डिङ (Contour Bunding), साना गल्छी रोकथाम (Micro-gully Plugging), कन्टुर वाटलिङ (Contour Wattling), चेक ड्याम (Checkdam), रिटेनिंग वाल (Retaining Wall) निर्माण र विरुवा रोपण ।
- जमिनको उत्पादकत्व बृद्धि गर्ने अन्य क्रियाकलापहरु ।

### ४. आकासे पानी संकलन तथा भलपानी व्यवस्थापन गरी जलसिंचन अभिवृद्धि तथा पुनर्भरण कार्यक्रम/पोखरी, सिमसार र ताल संरक्षण कार्यक्रम/पानी श्रोत व्यवस्थापन तथा बहुउपयोग (ताल, रनअफ हार्भेष्टिङ ड्याम निर्माण)

समेटिने सम्भावित क्रियाकलापहरु:

- पानी संकलन गर्न निर्माण गरिने जलाधार संरक्षण पोखरी (Conservation Pond/ Catchment Pond), रन अफ हार्भेष्टिङ ड्याम (Run-off Harvesting Dam), ताल, सिमसार संरक्षण (Wetland Conservation), भूमिगत जलसेचन संरचना ।
- संरक्षण वृक्षारोपण (Conservation Plantation) , कन्टुर टेरेसिङ (Contour Terracing),कन्टुर ट्रेन्चिङ (Contour Trenching) र कन्टुर वन्डिङ (Contour Bunding) जस्ता आवश्यक संरक्षणका विधिहरु अपनाई घाँस, बाँस लगायतका बिरुवाहरु रोपण गर्ने कार्यहरु ।

- साना गल्छी रोकथाम (Micro-gully Plugging), कन्टुर वाटलिङ (Contour Wattling), चेक ड्याम (Checkdam), रिटेनिंग वाल (Retaining Wall) जस्ता आवश्यक भू–संरक्षणका भौतिक संरचना निर्माण
- भल तर्काउने नाला (Diversion Channels) निर्माण गर्ने ।
- सिमसारको सरसफाई गर्ने कार्य ।
- पानी तर्काउने नाला निर्माण (Waterways- Inlet/Outlet) गर्ने
- Bio-enginnering प्रविधिको प्रयोग ।
- चट्टान, ग्राभेल, बालुवा, सिल्ट तथा क्ले मिसिएका माटोको ड्याम (Earthen Dams) बनाउने कार्य, सिमेन्ट मेशनरी ड्याम (Masonry Dams), आर.सि.सि. ड्याम निर्माण ।
- आवश्यकतानुसार पुराना पोखरीको मर्मत सुधार ।

## ५. उप-जलाधार क्षेत्रहरुको पहिचान, प्राथमिकिकरण, प्रकोप नक्सांकन, संकटासन्नता पहिचान तथा जोखिम नक्सांकन

समेटिने सम्भावित क्रियाकलापहरु:

- उप–जलाधार प्राथमिकीकरण, संकटासन्नता नक्साङ्कन र व्यवस्थापन योजना तर्जुमासँग सम्बन्धित विविध क्रियाकलापहरु समावेश हुन सक्दछ ।
    - जिल्लाभित्र रहेका उपजलाधारहरुको पहिचान
    - उपजलाधारहरुको जैविक-भौतिक पक्ष (Bio-physical Parameter) र सामाजिक–आर्थिक पक्ष (Socio-economic Parameter), का आधारमा प्राथमिकीकरण (Prioritization) गर्ने कार्य
    - संकटासन्नता नक्साङ्कन गर्ने कार्य
    - प्राथमिकताका आधारमा त्यसमा संचालन गर्नुपर्ने कार्यहरु समेत समावेश गरी उप–जलाधार व्यवस्थापन योजना तर्जुमा गर्न सकिनेछ (Sub-watershed Management Plan Preparation)

## ६. नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्रको जि.आइ.एस. नक्सांकन गरी एट्लास बनाउने कार्य

समेटिने सम्भावित क्रियाकलापहरु:

यस कार्यमा तलका क्रियाकलापहरुलाई समावेश गर्नुपर्नेछ :

- यस प्रदेश अन्तर्गतका प्रमुख तथा सहायक सबै स्तरका जलाधारहरु (वृहत जलाधार, जलाधार, उप–जलाधार र सुक्ष्म जलाधार) को नक्साङ्कन (Delineate, Mapping) गर्नु पर्दछ ।
- सो सम्भव नभएमा सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयको कार्यक्षेत्र अन्तर्गत रहेका नदी प्रणालीहरुको सबैस्तर (Order) का नदी/खोला/नाला (Stream) हरुको नक्साङ्कन गर्नुपर्दछ ।
- सम्भव भएसम्म यस प्रदेश अन्तर्गत रहेका प्रमुख नदी प्रणालीहरु म्याग्दी, कालीगण्डकी, मोदी, सेती, मादी, मर्स्याङ्गदी, दरौंदी, बुढीगण्डकी, नारायणी, त्रिशुली लगायतका महत्वपूर्ण जलाधार क्षेत्र प्रष्ट देखिने गरी नक्साङ्कन गर्नुपर्दछ ।
- सार्वजनिक खरिद ऐन तथा नियमावली वमोजिम परामर्श सेवा खरिदका लागि कार्यसूची तयार गरी सेवा प्रदायक संस्था छनौट गरी सोही अनुसार एट्लस बनाई प्रकाशन समेत गर्नुपर्नेछ ।

- यस कार्यमा वन निर्देशनालयको जलाधार व्यवस्थापन तथा समन्वय शाखा र अन्य सरोकारवालाहरुलाई समेत संलग्न गराई राय सुझाव लिनुपर्नेछ ।

## ७. गल्छी तथा पहिरो उपचार

समेटिने सम्भावित क्रियाकलापहरु:

- पानी व्यवस्थापनसँगै आसपासमा भल तर्काउने नाला (Diversion Channels) निर्माण गर्ने
- Retaining Wall र Checkdam निर्माण/मर्मत गर्ने
- गल्छी पहिरो गएको स्थानलाई घांस र विरुवा रोपण गर्ने, वाटलींग (Wattling), कन्टुर (Contour) बाट भिरालोपना कम गर्दै लैजाने
- Drainage Area लाई सुधार गर्दै जमिनको आवश्यक अनुसार प्रयोग गर्ने
- गल्छीको शिरमा Diversion Ditches बनाउने
- गल्छीको शिरमा माटोले पुर्ने (Gully Head Plugging)
- गल्छीको वाहिरी धार निर्माण गर्ने (Gully Rim Edging)
- Bio-engineering प्रविधिबाट गल्छी पहिरो उपचार गर्ने
- स्थानीयस्तरमा पाइने बोटबिरुवा जस्तै: बाँस, निगालो, अम्रिसो, नेपियर, हाँगा सर्ने प्रजातिहरुका अलावा स्थानीय हावापानी सुहाउँदो फलफूलका विरुवाहरु रोपण गरी गल्छी तथा पहिरोलाई उपचार गर्ने
- आवश्यकतानुसार संरक्षण गरिने क्षेत्रमा घेराबेरा गर्ने ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- वस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## ८. बाँस, निगालो तथा राइजोम खरिद/वितरण

समेटिने सम्भावित क्रियाकलापहरु:

- यस कार्यक्रम अन्तर्गत विभिन्न गल्छी, पहिरो उपचार, सडक पाखो संरक्षण र क्षतिग्रस्त भूमि पूनर्उत्थान गर्नका लागि उपभोक्तालाई बाँस निगालोको विरुवा तथा राइजोम उत्पादन, खरिद तथा वितरण गरिनेछ साथै यस अन्तर्गत अम्रिसोको राइजोम समेतलाई समावेश गरेर संरक्षण कार्यलाई थप प्रभावकारी बनाउन सकिनेछ।

कार्यान्वयन प्रक्रिया: भू तथा जलाधार व्यवस्थापन कार्यालय अन्तर्गत रहेका मौजुदा जनशक्तिहरुको परिचालन गरी निम्नानुसारको कार्यान्वयन प्रक्रिया पूरा गरी कार्य संचालन गरिनेछ ।

- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको स्थानहरुमा सार्वजनीक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई निर्माण व्यवसायी मार्फत पनि संचालन गर्न सकिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । योजना सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## ९. शहरी खानेपानीको जलाधार क्षेत्र संरक्षण/पानी मुहान संरक्षण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु:

- शहरी जलाधार तथा खानेपानी व्यवस्थापन योजना तयारी
  भू तथा जलाधार व्यवस्थापन कार्यालयहरुले प्रदेश मन्त्रालय, वन निर्देशनालय र विषय विज्ञहरुको समेत राय सुझाव र सम्बन्धित् जिल्ला समन्वय समिति तथा स्थानीय तहहरुसँग समन्वय तथा सहकार्य गरी कम्तीमा आगामी ५ वर्षको लागि शहरी खानेपानीको जलाधार व्यवस्थापन योजना तयारी गर्ने ।
- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरक्रिया गर्ने र सुझावहरु लिने
  - खानेपानी/पानी मुहानको जलाधार संरक्षण नयाँ विषय भएकोले सम्बन्धित भू तथा जलाधार व्यवस्थापन कार्यालयले स्थानीय जनप्रतिनिधि तथा सरोकावालाहरुसँग कार्यक्रमको शुरुवातमा तथा कार्यान्वयनको चरणमा निरन्तर छलफल र अन्तरक्रिया गर्ने । नविनतम कार्यक्रमको उद्देश्य, कार्यान्वयनको विधि र भावी योजनाबारे स्थान बिशेष केन्द्रित रहेर अन्तरक्रिया गर्नुपर्नेछ ।
- संरक्षण समूह पहिचान र सशक्तिकरण
  - शहरी क्षेत्र र सोको जलाधार क्षेत्रमा बसोबास गर्ने जनसमुदायहरुबाट शहरी खानेपानीको जलाधार क्षेत्रको कार्यक्रमलाई टेवा पुग्ने तथा स्थानीयको अपनत्व हांसिल गर्ने रणनीति अनुसार संरक्षण समूह पहिचान गर्नुपर्नेछ र सोको लागि आवश्यक अभिमुखीकरण तथा सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- थिग्रीकरण रोकथाम संरचना निर्माण
    - बाढी, पहिरो तथा भू-क्षय लगायत अनुचित भूउपयोगबाट माटो, बालुवा तथा गेग्रान लगायतका वस्तुहरुको कारणले जलाधारको अवस्थालाई विग्रन नदिन थिग्रीकरण रोकथामका स्थान अनुकुल हुने गरी संरचना निर्माण गर्नुपर्नेछ ।
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास
    - पानीको सञ्चय, जमिनको पानी सञ्चय गर्ने क्षमता, बहाव नियन्त्रण र पानी मुहानको स्रोत संरक्षण तथा पानी मुहान संरक्षणका साथसाथै पानीको व्यवस्थित निकास र समग्र जलाधारको विकासलाई टेवा पुग्ने गरी कम खर्चिलो, वायोईन्जिनियरिङ्ग तथा अन्य हरित प्रविधिको विकास र विस्तार गर्ने ।
- पानी स्रोतको अवस्था सर्वेक्षण अध्ययन तथा पानीभरण क्षमता विकास
    - सम्बन्धित पानीको स्रोतको उत्पति, त्यसको वहावको अवस्था र जलचक्र प्रणालीको बारेमा विस्तृत अध्ययन अनुसन्धानबाट मूलाधार क्षेत्र यकिन गरी पानी भरण क्षमता बढाउने क्रियाकलापहरु सञ्चालन गर्ने ।
- अन्य सम्भावित क्रियाकलापहरु
    - वातावरणीय अध्ययन तथा नियमित अनुगमन/मूल्यांकन
    - पानी मुहान तथा स्रोत संरक्षण
    - वृक्षारोपण तथा पुन रोपण
    - संरक्षण पोखरी निर्माण तथा व्यवस्थापन
    - पानी ढल/बर्षाझरी तथा बहाव संकलन पोखरी निर्माण
    - गेग्रान संकलन तथा गल्छी तथा पहिरो नियन्त्रणको लागि चेक ड्याम निर्माण
    - क्षतिग्रस्त भूमि पुनरुत्थान
    - शहरी जलाधार शिक्षा तथा तालिम कार्यक्रम
    - भू उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम
    - प्रगती प्रतिवेदन तयारी तथा नतिजा मूल्यांकन
    - प्रतिवेदन तयारी तथा पार्श्वचित्र प्रकाशन
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्था मार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नैपर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई निर्माण व्यवसायी मार्फत पनि कार्य संन्चालन गर्न सकिनेछ । तर उपभोक्ता समितिले जिम्मा लिएको काम ठेकेदारबाट गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of

Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।

- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । क्रियाकलाप सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १०. सडकसंग भू-संरक्षण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु:

- संरक्षण क्रियाकलाप संचालन गर्नु पर्ने ग्रामिण सडकहरुको पहिचान
- सरोकारवालाहरुसंग अन्तरक्रिया
- ग्रामिण सडकको दायाँ बायाँ हरित प्रविधिको विकास तथा संरक्षणको लागि उपयुक्त क्रियाकलाप छनौट
- गल्छी तथा पहिरो रोकथाम
- वृक्षारोपण
- घाँस, डालेघाँस रोपण
- भलपानीको व्यवस्थापन
- एकीकृत भू तथा जलाधार संरक्षणका अन्य कार्यहरु
- स्थानीय पालिकाहरुसंग साझेदारी तथा सहकार्य गरी कार्य संचालन गर्न सकिनेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य संन्चालन गर्न सकिने छ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीयतहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीय तहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । क्रियाकलाप सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## ११. भू-संरक्षण प्रर्दशनी स्थल

समेटिने सम्भावित क्रियाकलापहरु:

- स्थानीय तहहरुको समन्वय र सिफारिश तथा आवश्यक परेमा जिल्ला समन्वय समितिको समेत सिफारिशका आधारमा भू-संरक्षण प्रदर्शनी स्थल निर्माण गरिने क्षेत्रको छनौट गर्ने ।
- प्रदर्शन स्थल छनौट गर्दा सम्भव भएसम्म सडकको सहज पहुँच भएको स्थान छनौट गर्नुपर्नेछ ।
- सरोकारवालाहरुसंग अन्तरक्रिया
- भू तथा जलाधार व्यवस्थापनसंग सम्वन्धित कृयाकलापहरु आवश्यक सम्पूर्ण वानस्पतिक (Vegetative) तथा संरचनागत (Structural) भू–संरक्षण विधिहरु (Erosion Control Measures) लाई एकीकृत ढंगले प्रयोग गर्ने ।
- स्वीकृत डिजाइन र लागत अनुमान बमोजिमका जैविक र इन्जिनियरिङ्ग संरचनाहरुको निर्माण ।
- संरक्षण वृक्षारोपण, घाँस तथा डालेघाँस रोपण
- कम खर्चिलो भू-संरक्षणका प्रविधिहरुको प्रयोग गर्ने ।
- प्रदर्शनी कक्ष
- प्रर्दशन स्थल सुक्ष्म जलाधार क्षेत्र भित्र पर्ने कृषकको जमिन वा सामुदायिक जमिन वा दुवैमा क्रियाकला संचलन गर्न सकिनेछ । सो क्षेत्रको रेखदेखको लागि आवश्यक भएमा लागत अनुमानमा समावेश गरी हेरालुको समेत व्यवस्था गर्न सकिनेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सञ्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम सञ्चालन गर्नैपर्ने भएमा मात्र कार्यालयले आंफ्नै रेखदेखमा पूर्ण व्यवस्थापन गर्न सक्ने स्थानमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई निर्माण व्यवसायी मार्फत कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- वस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १२. आकस्मिक पहिरो नियन्त्रण तथा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु:

- वर्षाको समयमा आकस्मिक रुपमा पहिरो गएका स्थानहरुकाको पहिचान गरी जिल्ला विपद व्यवस्थापन समिति, जिल्ला समन्वय समिति वा स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा रोकथामको कार्य गर्ने ।
- वर्षाको समयमा आकस्मिक रुपमा जान सक्ने पहिरोलाई मध्यनजर राखी उपलब्ध वजेटबाट केही तारजाली तथा अन्य उपकरण खरिद गरी राख्ने र आवश्कता अनुसार जिल्ला बिपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहहरुसँग समन्वय र सिफारिशको आधारमा आकस्मिक विपद्जन्य घटना परेका स्थानका जनतालाई उपलब्ध गराउने ।
- तत्कालै नियन्त्रणको लागि जनशक्ति परिचालन, घटनास्थलमा आपत्कालीन अवस्थामा जानको लागि सवारी साधन भाडामा लिन, तत्काल पहिरो सफा गरी जनधनको क्षतिलाई कम गर्ने कार्य गर्न सकिनेछ ।
- योजनाको सञ्चालन भएको क्षेत्रमा भू-क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र संभव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्ने छ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सन्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले जिम्मामा लिएको काम ठेकेदारबाट गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढि भन्दा बढि जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । क्रियाकलाप सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १३. नदी उकास जग्गा पुनर्स्थापना तथा संरक्षण

समेटिने सम्भावित क्रियाकलापहरु:

- स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुसँग अन्तरक्रिया
- संरक्षण समूह पहिचान र सशक्तिकरण
- Revetment/Protection Wall Construction
- Spur/Groynes Construction
- थिग्रिकरण रोकथाम संरचना निर्माण/Construction of Flow Retarding Structures
- जल प्रवाहको व्यवस्थापनको लागि हरित प्रविधि विकास/Flood Slope Stabilization through Bio-engineering/Vegetative Measures (Tree Grass Palnting) on the Bank
- Fencing of Area for Livestock Control
- भू-उपयोग प्रविधि विकास तथा सचेतनामूलक कार्यक्रम ।
- वन उपभोक्ता समूह गठन, सामुदायिक वन कार्य योजना तयारी/संशोधन गरी नदी उकास क्षेत्रको संरक्षण तथा व्यवस्थापन कार्य समावेश गर्ने ।
- योजनाको सञ्चालन भएको क्षेत्रमा भू-क्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नु पर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा(Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १४. संवेदनशिल जलाधार क्षेत्र संरक्षण कार्यक्रम

समेटिने सम्भावित क्रियाकलापहरु:

१) जलाधार क्षेत्र पहिचान, तथ्याङ्क संकलन तथा जलाधार संरक्षण कार्ययोजना तयारी

२) प्रकोप जोखिम न्यूनीकरण र प्राकृतिक प्रकोप व्यवस्थापन

- पहिरोको तथ्याङ्क संकलन र अभिलेखिकरण
- पहिरो तथा गल्छी उपचार
- खहरे नियन्त्रण
- हरित प्रविधिबाट खोला किनारा संरक्षण

३) दिगो भू-व्यवस्थापन

- किसानको खेतबारीमा भू-संरक्षण
- फलफूल रोपण
- डालेघाँस, भुईघाँस रोपण
- क्षतिग्रस्त भूमि पुनरुत्थान
- SALT Plot स्थापना र व्यवस्थापन
- वन तथा चरण क्षेत्र व्यवस्थापन

४) पानी र थिग्रीकरण व्यवस्थापन

- वर्षातको पानी संकलन प्रणालीको विकास
- भलपानी संकलन पोखरी निर्माण
- भूमिगत जलसेचन संरचना निर्माण
- Green Waterways

५) विकासका पूर्वाधार संरक्षण

- सिंचाई कुलो संरक्षण
- हरित प्रविधिबाट सडकपाखो संरक्षण

६) जलवायु परिवर्तन अनुकूलन/समानुकुलन विकास

- पानी मुहान संरक्षण र विकास
- जलाधार पुनर्स्थापना
- संरक्षण पोखरी निर्माण
- नदी उकास जग्गा संरक्षण र खेती विस्तार
- सिमसार संरक्षण

७) समुदाय परिचालन, क्षमता विकास तथा जीविकोपार्जनमा सुधार

- संरक्षण आयमूलक कार्यक्रम
- समूह परिचालन सशक्तिकरण
- संरक्षण कृषकहरुको संजाल निर्माण
- कम खर्चिलो भूसंरक्षण प्रविधि तालिम र अभ्यास
- प्राकृतिक प्रकोप व्यवस्थापन तालिम
- संरक्षण प्रचार प्रसार सामग्री उत्पादन वितरण

८) वार्षिक प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन

- योजनाको सञ्चालन भएको क्षेत्रमा भूक्षय नियन्त्रण साथै संरक्षणको लागि वानस्पतिक तथा सिभिल (Engineering Structure) संरचनात्मक प्रविधिहरु प्रयोग गर्नुपर्नेछ र सम्भव भएसम्म एकीकृत प्याकेजको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नुपर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य सञ्चालन गर्न सकिनेछ । तर सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई कार्य सञ्चालन गर्नुपर्दछ । तर उपभोक्ता समितिले ठेक्काबाट वा ठेकेदारबाट कार्य गर्न गराउन पाइनेछैन ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार तथा लाभको वितरणसम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसँगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना संचालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १५. भू-संरक्षण मैत्री पदमार्ग निर्माण तथा स्तरोन्नती

समेटिने संभावित क्रियाकलापहरु: यस अन्तर्गत साधारणतया तलका कार्यहरु आवश्यकता अनुसार गर्नुपर्नेछ।

- स्थान किटान भएको हकमा तोकिएकै स्थानमा र तोकिएको नभएमा प्राथमिकताको आधारमा पदमार्ग निर्माण स्थलको छनौट गर्ने।
- पदमार्गको रेखाङ्कन तय गर्ने।
- पदमार्गमा बिछ्याउन प्रयोग हुने स्थानीयस्तरमा उपलब्ध हुने चाक्ला ढुङ्गा लगायतका सामाग्रीको उपलब्धताको एकिन गर्ने।
- पदमार्गमा ढुङ्गा बिछ्याउने कार्य।
- पदमार्गमा खुड्किला निर्माण गर्ने कार्य।
- पदमार्गमा Side Drain र Cross Drain निर्माण गर्ने कार्य।
- जोखिमयुक्त स्थानमा बार (Railing) निर्माण गर्ने कार्य।
- Side Drain र Cross Drain बाट बगाएको पानीलाई उपयुक्त स्थानमा संकलन पोखरीको रुपमा विकास गर्ने।
- पदमार्गको किनारामा हरियाली, शितलता र शोभाको लागि उपयुक्त प्रजातिको विरुवा रोपण।
- आराम गर्ने चौतारा (Resting Platform) निर्माण गर्ने कार्य।

- स्थानीयस्तरमा उपलब्ध हुने चाक्ला ढुङ्गा, माटो लगायतका निर्माण सामाग्रीको प्रयोगमा प्रोत्साहन गर्नुपर्दछ।
- संवेदनशिल स्थानहरु (Hot spot) मा मात्रै आवश्यकता अनुसार वाह्य निर्माण सामाग्रीहरु (सिमेन्ट, छड, फलामे र स्टिल डण्डी) को प्रयोग गर्नुपर्दछ।
- सम्भव भएसम्म स्थायी प्रकृतिका समूह/समिति जस्तै: सामुदायिक वन उपभोक्ता समूह/समिति वा यस्तै प्रकृतिका दर्ता भएका समुदायमा आधारित संस्थामार्फत कार्य सन्चालन गर्नु पर्दछ । स्थायी प्रकृतिका समूह नभएको अवस्थामा नयाँ समूह गठन गरी कार्य संचालन गर्न सकिनेछ । सहभागिताको सुनिश्चितता नभएको र कार्यक्रम संचालन गर्नै पर्ने अत्यावश्यक स्थानहरुमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रक्रिया अपनाई निर्माण व्यवसायी मार्फत कार्य संन्चालन गराउन सकिने छ ।
- कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन, मर्मत संभार तथा लाभको वितरण सम्म बढी भन्दा बढी जनसहभागिता सुनिश्चित गर्नुपर्नेछ ।
- स्थानीय तहसंगको समन्वय र सिफारिशमा योजना सन्चालन गर्नुपर्नेछ ।
- बस्तुस्थितिको विश्लेषण गर्दा योजना सञ्चालन हुने स्थानमा सरोकारवालाहरुसँगको अन्तरक्रिया सहित विस्तृत विवरण संकलन गर्नुपर्नेछ । सम्भाव्यता अध्ययन तथा सर्भेको स्थलगत नक्सा (Sketch of Location Map), संरचना नक्सा (Drawing/Design), Unit Rate Analysis, Detailed Estimate, Abstract of Cost, Summary Sheet र कार्यालय/उपभोक्ता जिम्मेवारी बाँडफाँड फारम प्रयोग गर्नुपर्नेछ ।
- कार्यान्वयन चरणमा उपभोक्ता समिति गठन भएर स्थानीयतहबाट सिफारिश भई आएपछि उपभोक्ता समितिसंग सम्झौता गरी कार्यान्वयन गर्नु पर्नेछ । कार्य सम्पन्न भए पछि नाँपजाँच गरी अभिलेख राख्न नापी किताब, उपभोक्तालाई किस्ता भुक्तानी बिल, कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने र अन्त्यमा Activity Profile तयार गर्नुपर्नेछ । कार्यक्रा सम्पन्न भैसकेपछि सम्बन्धित सरोकारवालाहरुको उपस्थितिमा योजनाको सार्वजनिक लेखा परीक्षण समेत गर्नुपर्नेछ ।

## १६. कम खर्चिलो भू-संरक्षण प्रविधि तालिम

समेटिने संभावित क्रियाकलापहरु:

- कार्यालयको कार्य क्षेत्रभित्रका जिल्लाका सम्वेदनशील एवं क्षतिग्रस्त जलाधार क्षेत्र, नमुना संरक्षण प्रदर्शन स्थल तथा एकीकृत जलाधार संरक्षण एवं व्यवस्थापनका योजनाहरुसंग संबन्धित उपभोक्ता समुहका पदाधिकारीहरुलाई तालिममा सहभागी गराउनु पर्नेछ।
- तालिममा सैद्धान्तिकका साथै व्यवहारिक ज्ञान हासिल गर्ने गरी प्रयोगात्मक अभ्यासहरु समावेश गरी तालिम संचालन गर्नुपर्नेछ ।
- प्रयोगात्मक अभ्यासका लागि स्थानीय रुपमा पाईने ढुंगा, बाँस, काठ हाँगा सर्ने जातका बोटविरुवाका हाँगाहरु (जस्तैः सजिवन, सिमली, खिर्रो, अजम्मरी, वैंस, दवदवे आदि) र अम्रिसो, नेपियर लगायतका प्रयोगात्मक सामाग्रीहरु तथा हाँगा काट्ने, खन्ने लगायतका औजार समेतलाई समावेश गर्न सकिनेछ।
- यस तालिममा विनियोजित रकम सहभागीको भत्ता, सेसन शुल्क, समन्वय भत्ता, खाजा, व्यानर, हल भाडा, संचार, स्टेशनरी, तालिम सामाग्री आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ।

## १७. स्थानीय तह तथा सरोकारवाला बीच समन्वय गोष्ठी

समेटिने संभावित क्रियाकलापहरु:

- कार्यालयको कार्य क्षेत्रभित्रका जिल्लाहरुमा रहेका स्थानीय तहका प्रमुख, उपप्रमुख, जिल्ला समन्वय समिति प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, समन्वय अधिकारी, सरोकारवाला सरकारी निकायका प्रमुखहरु, संरक्षण क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था, सामुदायिक संस्थाका पदाधिकारीहरुलाई यो गोष्ठीमा सहभागी गराउनु पर्नेछ ।
- गोष्ठीमा योजना तर्जुमा, समन्वय र सहकार्यका बिषयहरु संरक्षण क्षेत्रका समस्या र समाधानका विषयहरु समेटी गोष्ठी संचालन गर्न सकिनेछ ।
- गोष्ठी शिर्षकमा विनियोजित रकम सहभागीको भत्ता, सेसन शुल्क, समन्वय भत्ता, खाजा, व्यानर, हल भाडा, संचार, स्टेशनरी आदिमा स्वीकृत नर्म्सको परिधिभित्र रही लागत ईस्टिमेट स्वीकृत गराई खर्च गर्न सकिनेछ।

## १८. भू-संरक्षणका लागि ग्याबियन तारजाली खरिद तथा वितरण

समेटिने संभावित क्रियाकलापहरु:

- बर्षातको समयमा हुने बाढी, पहिरो, भूक्षय तथा नदी/खोलाको कटानीले गर्दा कार्यक्षेत्रका उपभोक्ता जनताहरुको घर, गोठ, मन्दिर, विद्यालय जस्ता संरचना उच्च जोखिममा परेर कार्यालयमा वडा, पालिका वा जिल्ला प्रशासन कार्यालयको सिफारिस तथा जोखिम झल्किने तस्बिर सहितको निवेदन पिडितले दिएमा कार्यालयले आवश्यक फिल्ड अनुगमन समेत गरी ग्याबियन तारजालीको कानून सम्मत बिधिबाट खरिद गरी उपलब्ध गराउनु पर्ने छ ।
- कार्यालयले तारजाली उपलब्ध गराउँदा सकेसम्म तारजालीमा ढुंगा भरी उपयुक्त ढंगले प्रयोग गर्ने कुराको सुनिश्चितता हुन जरुरी छ । तारजाली भरिसके पछि सो को तस्विर र वडाको कार्य सम्पन्न सिफारिस पत्र कार्यालयमा पेश गर्ने व्यवस्था मिलाई तारजाली वितरण कार्यलाई प्रभावकारी बनाउनु पर्नेछ ।

(द्रष्टव्यः भू तथा जलाधार संरक्षण एवं व्यवस्थापन सम्बन्धी भौतिक कार्यक्रमहरुको लागत अनुमान तयार गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियम र प्रदेश खर्चको मापदण्ड, २०७९ मा भएको व्यवस्था बमोजिमको कन्टिन्जेन्सी रकम छुट्याउन सकिनेछ । कन्टिन्जेन्सी रकम छुट्याउँदा प्रचलित सार्वजनिक खरिद कानून बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा समेत लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्नेछ । संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउन समावेश गरिने बायोइन्जिनियरिङ्गका कार्यहरु, उपभोक्ता परिचालन तथा सशक्तिकरणका क्रियाकलापहरु, सरोकारवाला समन्वय र अनुगमन तथा मूल्याङ्कनका विषयहरु आवश्यकता र औचित्यको आधारमा लागत अनुमानमा नै समावेश गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्न सकिनेछ ।)

## उ. अध्ययन, अनुसन्धान र तालिम तथा प्रशिक्षण कार्यक्रमहरु

गण्डकी प्रदेश अन्तर्गतको वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रबाट सञ्चालन गरिने अध्ययन/ अनुसन्धान तथा तालिम/गोष्ठि सम्वन्धी कार्यक्रम तथा क्रियाकलापहरुको कार्य सञ्चालन प्रक्रिया र कार्यान्वयन एवं व्यवस्थापन सम्बन्धी पक्षहरु यस मापदण्डमा समेटिएका छन् । यस मापदण्डमा नसमेटिएका तर यस आ.व.मा नै सम्पादन गर्नु पर्ने गरी अन्य कार्यक्रमहरु थप भएमा सो समेत यसै मापदण्ड बमोजिम संचालन गर्नु पर्नेछ ।

### १. अध्ययन, अनुसन्धान कार्यक्रमहरुको कार्यान्वयन प्रक्रिया

- अध्ययन, अनुसन्धान कार्यक्रमहरुको उद्देश्यका बारेमा सम्बन्धित विषय कार्यालयहरुसंगको परामर्श, छलफल तथा गोष्ठी सञ्चालन गरी तय गर्नु पर्नेछ ।
- अध्ययन तथा अनुसन्धानका कार्यक्रमहरु वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रले आफ्नै जनशक्तिबाट गर्नेछ र केन्द्रमा विषय विज्ञको उपलब्धता नभएको अवस्थामा प्रचलित कानून अनुसार परामर्श सेवा खरीद गरी सञ्चालन गर्न सक्नेछ ।
- अध्ययन अनुसन्धानका कार्य प्रशिक्षण केन्द्र आफैले संचालन गर्नु पूर्व सम्पादन गर्नु पर्ने कामको अवधारणा पत्र र कार्यसूचि (Concept Paper and TOR) सहितको प्रस्ताव पेश गरी निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ।
- प्रचलित नर्म्स र स्वीकृत जिल्ला दररेटको अधिनमा रही लागत अनुमान तयार गरी निर्देशकवाट स्वीकृत गराई अध्ययन अनुसन्धान कार्य सञ्चालन गरिने छ ।
- अध्ययन अनुसन्धानका लागि विनियोजित रकम अनुसन्धानका लागि आवश्यक पर्ने सामग्री खरिद, फिल्डमा खटिने प्राविधिक कर्मचारीहरुको लागि दैनिक भत्ता, यातायात, अनुसन्धान कार्यका लागि आवश्यक भौतिक सामाग्री खरिद, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन लगायतका शिर्षकमा स्वीकृत लागत इष्टिमेट अनुसार खर्च गर्न सकिनेछ ।
- वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका कर्मचारीले स्वयं अध्ययन अनुसन्धान गर्न सम्भव नभएको अवस्थामा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावाली २०६४ ले निर्दिष्ठ गरेका विधि र प्रक्रियाहरु अवलम्वन गरी परामर्श सेवाबाट कार्यक्रम संचालन गरिनेछ ।
- विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पससंगको साझेदारीमा गरिने अध्ययन अनुसन्धानको सम्बन्धमा देहाय बमोजिम हुने गरी वन, वातावरण तथा भू–संरक्षण मन्त्रालय, गण्डकी प्रदेशसंग सहमती लिनु पर्नेछ ।

क) वन वातावरण विषयसँग सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पससंग अनुसन्धानको लागि आशयपत्र माग गरिनेछ ।

ख) प्राप्त आशयपत्रको अध्ययन पश्चात विस्तृत अनुसन्धान प्रस्ताव माग गरिनेछ । उक्त प्रस्तावको प्राविधिक तथा आर्थिक मूल्याङ्कन स्वीकृत गरिनेछ ।

ग) प्रस्ताव स्वीकृत भए पश्चात सम्बन्धित विश्वविद्यालय/अध्ययन संस्थान/क्याम्पससंग सम्झौता गरी अध्ययन अनुसन्धान कार्य अघि बढाईनेछ ।

घ) अनुसन्धान प्रतिवेदन स्विकृत गर्नु पूर्व अनिवार्य रुपमा मन्त्रालयमा सरोकारवाला र विषय विज्ञहरु उपस्थित गराइ प्रस्तुतिकरण गरी सुझाव संकलन गर्नु पर्नेछ साथै अनुसन्धान केन्द्रको Website मा upload गरी सुझाव संकलन गर्नुपर्दछ । स्वीकृत प्रतिवेदनको एक प्रति (Hard copy तथा Digital copy) मन्त्रालयमा अनिवार्य रुपमा बुझाउनुका साथै अनुसन्धान केन्द्रको Website मा upload गर्नु पर्नेछ ।

ङ) अध्ययन अनुसन्धानमा वन सर्वेक्षण सम्बन्धी कार्यक्रम आयोजनागत रुपमा संचालन गर्न सकिनेछ । यसका लागि निर्देशनालयले कर्मचारी व्यवस्थापनका लागि समन्वय गर्न सक्नेछ । यसमा कर्मचारीलाई नियमानुसार दिन मिल्ने दैनिक भ्रमण भत्ता उपलब्ध गराई अध्ययन अनुसन्धानमा संलग्न गराउन सकिनेछ ।

## २. तालिम संचालन प्रक्रिया तथा सेवा सुविधा

- तालिम संचालन गर्नु पूर्व अवधारणा पत्र र विस्तृत प्रस्ताव तयार गरी निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ ।
- तालिम संचालन गर्नु पूर्व सेशन प्लान तयार गरी निर्देशकवाट स्वीकृत गराउनु पर्नेछ ।
- प्रचलित नर्म्स अनुसार लागत ईष्टिमेट तयार गरी निर्देशकवाट स्वीकृत गराइ तालिम संचालन गरिनेछ।
- सेवाकालिन  तालिमको अवधि ३० कार्य दिनको रहनेछ भने बाँकी अन्य तालिमहरुको अवधि आवश्यकताअनुसार हुनेछ ।
- तलिमका सहभागी छनौट/मनोनयनमा प्रदेश भित्रका दुर्गम क्षेत्रमा खटिने कर्मचारीलाई पहिलो प्राथमिकता प्रदान गर्नुपर्दछ । सहभागी छनौट/मनोनयन गर्दा महिला सहभागितालाई प्राथमिकता दिनु पर्दछ ।
- यस तालिमका लागि विनियोजित रकम तालिम सामग्री खरिद, तालिमका सहभागीहरुको दैनिक भत्ता, यातायात, हलभाडा, प्रशिक्षण शुल्क, खाजा, तालिमका लागि आवश्यक भौतिक सामाग्री खरीद/भाडामा लिने तथा हस्तान्तरण, तालिम व्यवस्थापन समूह भत्ता, संयोजक भत्ता, स्थलगत भ्रमणका लागि आवश्यक सवारी साधन भाडा, कार्यालयका सवारी साधनका लागि इन्धन, व्यानर तथा प्रमाणपत्र तयारी, उदघाटन तथा समापन कार्यक्रम लगायतका शिर्षकमा स्वीकृत लागत इष्टिमेट बमोजिम खर्च गर्न सकिनेछ ।
- तालिमका सहभागीहरु जिल्ला वाहिरका भएमा भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) अनुसार दैनिक भ्रमण भत्ता उपलव्ध गराइनेछ ।
- तालिमका सहभागीहरु जिल्ला भित्रका भएमा गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ ।
- तालिमलाई सफलतापुर्वक संचालन तथा सम्पन्न गर्नका लागि पाँच (५) सदस्यीय तालिम व्यवस्थापन समिति गठन गरिनेछ । तालिम व्यवस्थापन समितिमा खटिने कर्मचारीहरुलाई जिल्ला वाहिर कार्यक्रम संचालन हुँदा भ्रमण खर्च नियमावली, २०६४ (संशोधन सहित) अनुसार दैनिक भ्रमण भत्ता र जिल्ला भित्र संचालन हुदा उल्लेखित गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ अनुसार नै सहभागी भत्ता उपलव्ध गराइनेछ ।
- तालिम कार्यक्रमका सहभागीहरु, प्रशिक्षक, व्यवस्थापन समूहका कर्मचारीहरु तथा अन्य सहयोगीहरुका लागि प्रति व्यक्ति गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ अनुसार खाजा खर्चको व्यवस्था गर्न सकिनेछ ।
- तालिम कार्यक्रममा प्रशिक्षणका लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रमा मौजुदा प्रशिक्षकहरुवाट मात्र सम्भव नभएको अवस्थामा सम्वन्धित विषयवस्तुको विज्ञहरुवाट प्रशिक्षणको व्यवस्था मिलाउन सकिनेछ ।
- प्रत्येक तालिमलाई प्रभावकारी ढंगले संचालन गर्न तालिम संचालन पूर्व र पश्चात मूल्यांकन बैठकवाट तालिम कार्यक्रमको मूल्यांकन गरी पृष्ठपोषण गर्न स्टेरीङ कमिटी गठन गरीनेछ । सो स्टेरीङ कमिटी निम्न अनुसार रहनेछ

क) श्री वन, वातावरण तथा भू–संरक्षण मन्त्रालयका सचिव– अध्यक्ष

ख) श्री वन निर्देशनालयका प्रदेश वन निर्देशक –सदस्य

ग) श्री वन, वातावरण तथा भू–संरक्षण मन्त्रालयका महाशाखा प्रमुख – सदस्य

घ) श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक– सदस्य

ङ) तालिम संयोजक –सदस्य सचिव

च) आवश्यकता अनुसार बढीमा ३ जना सम्म आमन्त्रित सदस्यहरु राख्न सकिनेछ ।

- उल्लेखित स्टेरीङ कमिटीका सदस्यहरुलाई कार्यालय समय वाहेक छलफल/बैठक गर्नु परेको अवस्थामा प्रति सदस्य प्रति छलफल/बैठक, गण्डकी प्रदेश सरकारको खर्चको मापदण्ड, २०७९ बमोजिम भत्ता तथा खाजा खर्च उपलव्ध गराउन सकिनेछ ।
- साथै सेवाकालीन तालिम संचालन गर्दा तीन वटा मोड्युल वनाई हरेक मोड्युलमा एक वटाका दरले जम्मा ३ (तीन) वटा मूल्यांकन, छलफल तथा बैठकवाट सहभागीहरुको मूल्यांकन गरिनेछ । मूल्यांकन, छलफल तथा बैठकका लागि निम्नानुसारको मूल्यांकन समिति गठन गरिनेछः

  क) श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रका निर्देशक– अध्यक्ष

  ख) श्री वन, वातावरण तथा भू–संरक्षण मन्त्रालयका महाशाखा प्रमुख वा मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि– सदस्य

  ग) श्री प्रदेश लोकसेवा आयोगका अधिकृतस्तरका प्रतिनिधि– सदस्य

  घ) श्री प्रदेश वन निर्देशनालयका शाखा प्रमुख वा निर्देशनालयले तोकेको अधिकृत प्रतिनिधि– सदस्य

  ङ) तालिम संयोजक– सदस्य सचिव

  च) आवश्यकता अनुसार २ जना सम्म विषयगत विज्ञहरु– सदस्य

  - उल्लिखित मूल्यांकन समितिका सदस्यहरुलाई कार्यालय समय वाहेक छलफल तथा बैठक गर्नु परेको अवस्थामा प्रति सदस्य प्रति छलफल/बैठक गण्डकी प्रदेशको खर्चको मापदण्ड, २०७९ बमोजिम भत्ता तथा खाजा खर्च उपलव्ध गराउन सकिनेछ ।
  - तालिम कार्यक्रम सम्पन्न भएपछि प्रगति प्रतिवेदनमा निम्न बुँदाहरु समावेश गर्नु पर्नेछ
    - स्वीकृत लागत इष्टिमेट
    - स्वीकृत पाठ योजना
    - तालिम कार्यक्रम सम्पन्न गर्दा भएको जम्मा खर्चको विवरण तथा विल भर्पाइ
    - सहाभागीहरुबाट तालिम मूल्याङ्कन तथा कार्ययोजना फारम
    - तालिमको विस्तृत प्रतिवेदन
    - तालिम कार्यक्रम संचालनका तस्विरहरु